**डेंगीबाट बचौं र बचाऔं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांसपेशीहरुमा असह्य पीडा हुनु,
- आँखाको गेडी दुख्नु,
- अत्यधिक टाउको दुख्नु,
- शरीरमा राता बिमिराहरु आउनु,
- वाकवाकी लाग्नु वा वान्ता हुनु ।

यस्ता लक्षणहरू देखापरेमा डेंगी हुनसक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

**जनहितमा जारी सन्देश**

- चर्को गर्मीमा रिड्टा लाग्ने ।
- कीरा फटचाङ्ग्राको प्रकोप बढ्ने ।
- खाद्यजन्य प्रदूषणको खतरा हुन्छ । जोगिएर बसौं ।
- वर्षात्को मौसममा बासी खाना नखाऔं ।
- बजारबाट किनेर ल्याएको तरकारी राम्ररी धोएर उपयोग गरौं ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ साउन ०५ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 July 20 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ३१८

## धानबालीमा गबारो कीराको प्रकोप बढ्यो

ओमप्रकाश चौधरी, सेढवा, ४ साउन/

किसानहरूले वर्षेबाली धान रोपाइँ गरेको दुई साता नबित्दै रोगको प्रकोप बढेको छ । किसानले लगाएका सोना मन्सुली, मनी मन्सुली, हर्दिनाथ–१, सोना सारो, भदई मन्सुली, कतर्नी तथा अन्य हाइब्रिड जातका धानबालीका बिरुवामा रोग लाग्न थालेका छन् ।

बिरुवामा पलाएका नयाँ हाँगाको बीचको टुसा नै सुक्न थालेको जीराभवानी गाउँपालिका–२ सेढवाका किसान अमृत चौधरीले बताए । बिरुवा हेर्दा टुसामुनिको भाग कुहिएको किसान चौधरीले बताए । बिरुवाको करीब आधा भाग हाँगाको टुसा नै सुकेर रातो भइरहेको किसान चौधरीले बताए ।



तस्वीरः प्रतीक

विगतको तुलनामा यसपटक उन्नत जातको बीउ, कीटनाशक औषधि, रासायनिक मल तथा समयमैं पानी परेकाले राम्ररी रोपाइँ भएपनि रोगका कारण किसानहरू चिन्तामा परेका छन् । यो रोगमा बालीको बाला निस्किने मुख्य टुसा नै सुक्ने भएपछि बिरुवा बाँकी नरहने किसानहरूले गुनासो गरे ।

पटेर्वासुगौली गापा–४ का किसान जगतनारायण पञ्जियारका अनुसार यो रोगको प्रकोपका कारण किसानहरू सङ्कटमा परेको बेला गापाको कृषि शाखाका प्राविधिक कर्मचारीहरू कार्यालयमा आनन्दले आराम गर्दै बसिरहेको आरोप लगाए । कृषि शाखाका कर्मचारीहरूले यो रोगको बारेमा अनुसन्धान गरी समाधानका लागि समन्वय नगरेको पञ्जियारले गुनासो गरे ।

यस सम्बन्धमा जीराभवानी गापा कृषि शाखाका प्राविधिक क्षत्रबहादुर साहका अनुसार यो रोग गोबारो रोग भएको बताए । रोपाइँपछि लामो समयसम्म खेतमा पानीको मात्रा बढी भएकोले यो रोगको प्रकोप बढेको प्राविधिक साहले बताए । रोगबाट छुटकारा पाउनका लागि बाली लगाएको खेत सुक्खा राखी कृषि प्राविधिकको सल्लाह लिई कीटनाशक औषधि प्रयोग गर्न साहले सल्लाह दिएका छन् ।

## महानगरमा अनियमित तरीकाबाट सवारी शुल्क असुली

प्रस, वीरगंज, ४ साउन/

वीरगंज महानगरपालिकाले ठेक्कामार्फत उठाइरहेको सवारी व्यवस्थापन शुल्क र पटके सवारी व्यवस्थापन शुल्कमा ठेकेदारले मनपरी गरेको आरोप छ ।

चालू आव २०८१/८२ को साउन १ गतेदेखि सवारी व्यवस्थापन शुल्क नयाँ ठेकेदारमार्फत उठाउन शुरू भएको हो । छ करोड ७१ लाखमा यस वर्षको सवारी व्यवस्थापनको ठेक्का लागेको छ । गत वर्षको तुलना यो ठेक्का लगभग दोब्बरीमा लागेको हो । गत वर्ष तीन करोड ५० लाखमा मात्र सवारी व्यवस्थापन शुल्कको ठेक्का लागेको थियो ।

यस अघि आव २०७९/८० मा सात करोड पाँच लाखमा यो ठेक्का लागेको थियो । गत वर्ष ठेकेदारहरूबीच मिलापत्रबाट ठेक्काको दररेट आधा घटेको थियो । यस वर्ष प्रतिस्पर्धामा छ करोड ७१ लाखमा ठेक्का लागेको तर शुरूआतदेखि नै ठेकेदारले शुल्क उठाउन मनपरी गरिरहेको आरोप लागेको छ ।

वीरगंज महानगर–१७ का अध्यक्ष सञ्जीव छतकुलीले एकीकृत सुरक्षा जाँच चौकी (आइसिपी) र बहुअरी चोकमा ठेकेदारले अनधिकृतरूपमा ढाट राखेर गैरकानूनी तरीकाबाट सवारी शुल्क असुलिरहेको आरोप लगाए । उनले महानगरसँगको सम्झौतामा सो क्षेत्रमा ढाट राख्न पाउने ठेकेदारलाई इजाजत नभएको तर ठेकेदारले शुरूआतदेखि नै साउन १ गतेबाट दुवै ठाउँमा अनधिकृतरूपमा ढाट राखेर शुल्क उठाइरहेको बताए । उनले महानगरको सम्झौतामा पटके सवारी व्यवस्थापन शुल्कबापत भारवाहक ट्रक, लहरीसँग शुल्क लिन पाउने र खाली सवारीसाधनका साथै चार चक्के निजी र विदेशी नम्बर प्लेटका निजी सवारीसाधनबाट पटके सवारी कर उठाउन नपाइने स्पष्ट व्यवस्था भएपनि सोविपरीत ठेकेदारले शुल्क उठाइरहेको आरोप लगाएका छन् ।



तस्वीरः सौजन्य

उनले ठेकेदारको यस प्रकारको गतिविधिविरुद्ध आफूले सशक्त प्रतिकार गर्दै आएको तर ठेकेदारले अनियमितता गर्न नछाडेको बताएका छन् ।

## राहत शिक्षकलाई दुईवटा विद्यालयको जिम्मेवारी

प्रस, रौतहट, ४ साउन/

रौतहट जिल्लाको फतुवाविजयपुर नगरपालिकास्थित दुईवटा विद्यालयको जिम्मेवारी राहत दरबन्दीका एकजना शिक्षकलाई दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र प्रधानले सरस्वती प्रावि विजयपुरका राहत शिक्षक सुबोध यादवलाई २०८० माघ २९ गते प्रधानाध्यापकको जिम्मेवारी दिएका थिए । सोही दिन उनले प्रावि सन्तपुर दोस्तियाको आर्थिक, प्रशासनिक जिम्मेवारी पनि हेर्न लगाएको कारण अहिले यो विषयलाई लिएर आलोचना भइरहेको छ ।

स्थायी शिक्षक हुँदाहुँदै राहत शिक्षकलाई प्रअको जिम्मेवारी त्यो पनि दुईवटा विद्यालयको दिंदा प्रमुख प्रशासकीय अधिकृत प्रधानको आलोचना भएको हो । नगरपालिकाका शिक्षा संयोजक मुकेश साहले प्रावि सन्तपुर दोस्तियामा स्थायी शिक्षक रहेको तर राहत शिक्षकलाई प्रअ बनाइएकोमा अनभिज्ञता जाहेर गरे ।

शिक्षा विकास तथा समन्वय एकाइ रौतहटका प्रमुख रामविनयकुमार सिंहले प्रमुख प्रशासकीय अधिकृत प्रधानले गलत नजीर बसाएको बताए । उनले प्रमुख प्रशासकीय अधिकृत प्रधानले कटहरिया र फतुवा विजयपुर नगरपालिकाको जिम्मेवारी सम्हाल्दै आएका र उनकै आदेशमा राहत शिक्षक यादवले दुईवटा विद्यालयमा प्रअको जिम्मेवारी सम्हालिरहेको बताए ।



राहत शिक्षक सुबोध यादव

## सरुवा रोगबाट जोगिन ज्येष्ठ नागरिकलाई मास्क लगाउन डा गुप्ताको सुझाव



तस्वीरः प्रतीक

प्रस, वीरगंज, ४ साउन/

ज्येष्ठ नागरिकहरू सरुवा रोगबाट जोगिनुपर्ने डा मनोज गुप्ताले सुझाव दिएका छन् ।

ज्येष्ठ नागरिक सङ्घ, पर्साले प्रत्येक महीनाको पहिलो शुक्रवार आयोजना गर्दै आएको मासिक स्वास्थ्य परामर्श कार्यक्रममा डा गुप्ताले ज्येष्ठ नागरिकहरू सरुवा रोगबाट जोगिनुपर्ने बताए । उनले सरुवा रोगबाट जोगिने सबैभन्दा उत्तम र सरल उपाय नियमित मास्क लगाउनुपर्ने बताए ।

उनले घरबाहिर निस्किंदा, साथीभाइहरूको सङ्गतमा र भीडभाडमा ज्येष्ठ नागरिकहरूले सरुवा रोगबाट जोगिन मास्क लगाउनु उत्तम उपाय भएको बताए । उनले कसलाई कुन रोग छ भन्ने यकीन नहुने हुँदा यसबाट जोगिन सरसङ्गत र भीडमा मास्क लगाउनुपर्ने बताए । ज्येष्ठ नागरिकहरूलाई दम, क्षयरोग र फोक्सोको क्यान्सरजस्ता सरुवा रोगले चाँडै समात्ने हुँदा यसबाट जोगिनुपर्ने सुझाए । उनले नियमितरूपमा चिकित्सकको सल्लाहमा औषधिसेवन गर्न, शक्ति अनुसार घुमफिर र पोषिलो खानेकुरा खान सुझाए ।

सङ्घका अध्यक्ष श्यामकुमार पोखरेलको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश अध्यक्ष एवं केन्द्रीय सदस्य जगदीशप्रसाद शर्मा, शाखा उपाध्यक्ष बैधनाथप्रसाद कोइरी, प्रकाश अमात्य, जीतेन्द्रपुरुष ढकाल, रमेश दत्त, उदयराज शर्मा, जानकी शर्मा, बिन्दु शर्मा, आशा गौतमलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण सचिव विनयराज गौतमले गरेका थिए ।

## मानवसेवा आश्रम अभिभावक परिवार पुनर्गठन

प्रस, वीरगंज, ४ साउन/

मानवसेवा आश्रम अभिभावक परिवार पर्साको हिजो बसेको बैठकले हरि गौतमलाई संयोजक चयन गरेको छ ।

मानवसेवा आश्रम अभिभावक परिवार पर्साको पुनर्गठन गर्दै संयोजक गौतम, सहसंयोजक प्रकाश थारू र मीनाक्षी गुप्ता चयन भएका छन् । १५ सदस्यीय अभिभावकमा पर्सा जिल्ला आश्रमका संयोजक मुना पुलामी मगर, सदस्यसचिव र बाँकी ११ जना सदस्य रहेका छन् ।

यसैगरी, विभिन्न विषयगत समितिहरू सर्वसम्मत चयन भएका छन् । अक्षयकोष प्रवर्द्धन समिति संयोजक गणेश लाठ, भोजन प्रवर्द्धन समिति संयोजक मुकेश खेतान, जिन्सी सामग्री सहयोग प्रवर्द्धन संयोजक नूतन सरावगी, मासिक योगदान प्रवर्द्धन समिति संयोजक कमल चौगाईं, जनसम्पर्क प्रवर्द्धन समिति संयोजक रम्भा मिश्र, तालीम तथा कार्यक्रम संयोजक सरोजप्रसाद चौधरी, हरित समन्वय समिति संयोजक प्रकाश अमात्य, स्थानीय तह समन्वय समिति संयोजक उमेश गुप्ता, औषधि उपचार प्रवर्द्धन समिति संयोजक प्रकाश खण्डेलवाल, उद्धार तथा पारिवारिक पुनर्मिलन संयोजकमा ओमकुमार झा चयन भएका मानवसेवा आश्रम पर्साले जनाएको छ ।

आश्रमका प्रमुख संस्थापक एवं केन्द्रीय अध्यक्ष रामजी अधिकारीको प्रमुख आतिथ्य र प्राडा दीपक शाक्यको अध्यक्षतामा अभिभावक परिवार बैठकले समिति पुनर्गठन गरेको हो । कार्यक्रमका प्रमुख अतिथि अधिकारीले मानवसेवा आश्रम पर्साको स्थापनाकालदेखि नै आश्रमलाई तन, मन र धनबाट योगदान गर्ने सबैप्रति आभार प्रकट गरे । उनले नवगठित अभिभावक परिवारलाई शुभकामना दिए । कार्यक्रममा संयोजक गौतम, सहसंयोजक थारू र गुप्ताले मन्तव्य व्यक्त गरेका थिए ।



तस्वीरः सौजन्य

कार्यक्रममा नगरप्रमुख राजेशमान सिंह, प्रदेशसभा सदस्य रमेश कुर्मी र प्रतिनिधिसभा सदस्य बिना जयसवाललाई संरक्षक मनोनयन गरिएको छ । आश्रमले खुला आकाशमुनि, सडकपेटी र सार्वजनिकस्थलहरूमा कष्टकर जीवन बिताउन विवश बेसहारा, असहाय, अशक्त अभिभावकविहीन, मानसिक तथा शारीरिकरूपमा कमजोर मानवहरूको उपचार, उद्धार, पालनपोषण र पारिवारिक मिलनको काम गर्दै आएको छ । देशभर २४ वटा सेवाकेन्द्रमार्फत २४ जिल्लामा आश्रम रहेको र ७७ जिल्लामा सहयोगापेक्षी सडक मानवहरूको उद्धार गर्दै आएको मानवसेवा आश्रमले जनाएको छ ।

## १० जना महिलासहित ६१ जनाद्वारा रक्तदान

प्रस, वीरगंज, ४ साउन/

लायन्स क्लब अफ वीरगंज मिलेनियमले शुक्रवार बिआइटी कलेजमा आयोजना गरेको रक्तदान कार्यक्रममा १० जना महिलासहित ६१ जनाले रक्तदान गरेका रक्तसञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेयले बताए ।

कार्यक्रममा सानिया पण्डित, खुशी कुमारी, नीलम यादव, पूनम साह, भिखमचन्द अग्रवाल, राहुल कानू, सुबोध साह, नीतीश यादव, निजु यादव, मरूफ अन्सारी, मञ्जीत गुप्ता, सत्येन्द्र दास, कुञ्जबिहारी पटेललगायतले रक्तदान गरेका प्राविधिक प्रमुख पाण्डेले बताए ।



तस्वीरः सौजन्य

### विचारसार र सूक्तिहरू

**मार्ग देखाउने सही व्यक्ति भेटियो भने दियोको प्रकाशले पनि सूर्यको काम गर्छ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# आत्महत्या नियन्त्रणका उपाय

**हाम्रो देशमा आत्महत्याका घटना बढ्दो क्रममा रहे पनि रोकथाम तथा न्यूनीकरणका लागि प्रभावकारी काम हुन सकेको छैन। पछिल्लो एक दशकमा ५६ हजारभन्दा बढी मानिसले आत्महत्या गरेको तथ्याङ्कले देखाउँछ। आर्थिक वर्ष २०७९/८० मा सात हजारजनाले आत्महत्या गरेका थिए। आव २०६९/७० मा ४,५०० जनाले आत्महत्या गरेकामा १० वर्षपछि आव २०७९/८० मा सात हजार पुगेको हो, जुन चुनौतीपूर्ण देखिन्छ। छिमेकी बारा जिल्लामा पनि आत्महत्याका घटना बर्सेनि वृद्धि भइरहेको छ। आव २०७८/७९ मा महिला, पुरुष र बालबालिका गरी १२३ जनाले आत्महत्या गरेका थिए भने २०७९/८० मा १३९ जना र गत आव २०८०/८१ मा १६३ जनाले आत्महत्या गरेको प्रहरी तथ्याङ्कले देखाएको छ। बारा जिल्लामा पुरुषको तुलनामा महिला र बालकको तुलनामा बालिकाले आत्महत्या बढी गरेको पाइएको छ। बर्सेनि पुरुषभन्दा अलि बढी सङ्ख्यामा महिला देखिए पनि बालक बर्सेनि सात/आठ जना र बालिका भने २२–२४ जनाले आत्महत्या गरेको तथ्याङ्कले देखाएको छ। विज्ञहरूका अनुसार आत्महत्या मानसिक स्वास्थ्य समस्या हो। आत्महत्या गर्न खोज्ने व्यक्तिले पहिले नै कुनै न कुनै सङ्केत दिने र गतिविधि देखाउने हुँदा त्यस्ता गतिविधिको ख्याल गर्न सकियो भने रोक्न सकिन्छ। सङ्केत देखाउँदाकै अवस्थामा घरपरिवार, समाज, राष्ट्र वा अरूले वास्ता गरेर रोकथामका उपाय गरे आत्महत्याबाट बचाउन सकिन्छ। ज्यान जोगिएपछि मानसिक रोगको चिकित्सकीय उपचार पनि सम्भव छ।**

**मनमा असह्य हुनेगरी पीडा बढ्दै गएपछि व्यक्तिलाई बाँच्ने इच्छा र चाहना घट्दै जान्छ। अनि पीडाबाट मुक्ति पाउन आत्महत्याबाहेक कुनै विकल्प छैन भन्ने सोच बलियो हुँदै गएपछि उसले आत्महत्याको बाटो रोज्छ। पीडाबाट मुक्तिका लागि आत्महत्याबाहेक अरू पनि बाटाहरू छन् भन्ने ज्ञान भर्न सकेमा व्यक्तिलाई आत्महत्याबाट जोगाउन सकिन्छ। आफ्ना सन्तानको वियोगमा आत्महत्या रोज्न खोज्ने आमाबुबालाई मर्नुभन्दा असहाय बालबालिकाको सेवा गरेर ती बालबालिकामा आफ्ना सन्तान मुस्कुराएको हेर्नु उचित हुन्छ भन्ने सुझाव पाएपछि आत्महत्याको बाटो छाडेका थिए। पर्वतका छत्रबहादुर केसी दम्पतीले अकाल रोगले कसैको ज्यान नजाओस् भन्दै गाउँमा अस्पताल बनाइदिए। त्यसैगरी, दाङका प्रदीपराज शर्माले कराँते खेलाडीहरूको अभिभावकत्व लिए भने विराटनगरका बद्रीविक्रम थापाले उत्कृष्ट प्रहरी पुरस्कार स्थापना गरेर प्रहरी सेवामा रहेका सबैलाई आफ्नो सन्तान सम्झने काम गरेका उदाहरणहरू हुन।**

**उनीहरूको एउटै जवाफ थियो– “सन्तानको वियोगमा संसार अँध्यारो देख्न थालेपछि आत्महत्या गर्ने निर्णयमा पुगिसकेका थियौं।” समयमा पाएको परामर्शबाट यो सम्भव भएको हो। आज समाजसेवाको क्षेत्रमा उनीहरूको नाम र सम्मान छ। एउटै कुरा समय, परिस्थिति र अवस्था अनुसार बुझाइ फरक पर्न सक्छ। एउटै प्रकृतिको घटनामा कसैलाई थोरै प्रभाव र कसैलाई धेरै प्रभाव पर्नुको कारण पनि यही हो। परिवारका सदस्यको पहरेदार उनकै परिवारका सदस्यहरू हुन्। एकले अर्कोको दिनचर्या, व्यवहारलाई निगरानी राख्ने गरेमा कसैले आत्महत्या गर्न लागेको रहेछ भन्ने थाहा हुन्छ। र यसरी थाहा पाएपछि सकारात्मक परामर्श दिएर रोक्न [redacted]**

# नयाँ सरकारसँग जनताको अपेक्षा र ऐतिहासिक विरासत

स्वतन्त्र विचार




बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com


**भनिन्छ, हुने बिरुवाको चिल्लो पात, नहुने बिरुवाको खस्रो पात। अर्थात् एमाले र नेपाली काङ्ग्रेसले पटकपटक सरकार चलाएकै हुन् र गन्हाएकै हुन्। यिनीहरू सुध्रिएको दिन कहिले आउँला भनेको गोरु ब्याउँला र दूधभात खाउँला भने जस्तै हो।**

संसारमा सबै मानिस आफ्नो विकास चाहन्छन्। यसलाई पूँजीवादी राज्यव्यवस्थाले व्यक्तिको मौलिक हकको रूपमा स्थापित पनि गरेको छ। यसरी हेर्दा प्रत्येक व्यक्तिको विकासको पूँजीवादी नारा वा अभिभारा सुन्दर मात्रै होइन यथोचित पनि देखिन्छ तर यहाँ प्रश्न उठ्छ, के पूँजीवादी अर्थव्यवस्थाद्वारा पूँजीवादी राज्यसत्ताले राज्यका सबै नागरिकको विकास गराउन सक्छ? पछिल्लो पाँच सय वर्षको पूँजीवादी राज्यव्यवस्थाको इतिहास हेर्दा कतै पनि राज्यले सबै नागरिकको विकास गराएको देखिंदैन। यहाँनेर एउटा प्रश्न उठ्छ, विकास भनेको के हो?

प्रत्येक व्यक्ति समान ढङ्गले जन्मिन्छन् र मर्छन् पनि यस्तोमा प्रत्येक व्यक्तिको उसभित्र अन्तर्निहित क्षमताको कुनै पनि प्रकारको विभेदरहित समान ढङ्गले विकास गर्ने सबैले समान मौका पाउनु नै विकास हो। जबसम्म प्रत्येक नागरिकको गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य तथा मनोरञ्जनको जिम्मेवारी राज्यले लिंदैन, तबसम्म विकास केवल सीमित व्यक्ति वा वर्गहरूको कब्जामा कैद रहन्छ र आमनागरिक भोक, रोग, अशिक्षा, महँगी, बेरोजगारी जस्ता समस्याबाट व्यक्तिगतरूपमा जुझिरहन्छन् र पूँजीवादी व्यवस्था फेरिएर वैज्ञानिक समाजवादी व्यवस्था नआएसम्म अनेकौं प्रकारका विभेदको शिकार भइरहन्छन्।

हाम्रो देशमा पनि यही नियम लागू हुन्छ। एउटा व्यक्तिको रूपमा जतिवटा प्रधानमन्त्री फेरिए पनि वा पूँजीवादी संसदीय व्यवस्थालाई कायम राखेर जुनसुकै दलको सरकार बनाए पनि जनताको अवस्था फेरिनेछैन। सबैले देखेकै हो– प्रचण्ड र ओलीको झन्डै दुई तिहाइ बहुमतको सरकारले पनि विकासको अर्थमा केही लछारपाटो लगाउँन सकेन। त्यसैगरी, प्रचण्ड र काङ्ग्रेसको सरकार पनि ‘हात्ती आयो हात्ती आयो फुस्सा’मैं बिलाएर गयो भनेपछि अहिले फेरि ओली र काङ्ग्रेसको सरकारले पनि के नै लछारपाटो लगाउँला?

हामी सबैले जानेकै कुरा हो संसदीय सर्वोच्चता भएका प्रजातान्त्रिक व्यवस्थामा सरकार बन्नु र विघटन हुनु सामान्य हो। पूँजीवादी व्यवस्थामा नैतिकताको मूल कडी नै सत्ता हुन्छ। पद र पैसाको लागि जे गर्दा ठीक हुन्छ, केही नैतिकताको परिभाषा हुन्छ। यसको ज्वलन्त उदाहरण हामी ओली र प्रचण्डको सरकार बन्नु र विघटन हुनु, ओली र काङ्ग्रेसको सरकार बन्नु र विघटन हुनु अहिले काङ्ग्रेस र ओलीको सरकार बन्नुबाट स्पष्ट बुझ्न सक्छौं। निवर्तित प्रचण्ड सरकारले सङ्ख्याभित्र खेल्ने र नैतिकतालाई भन्दा आपसमा द्वन्द्व बढाएर प्रतिशोधको खेल खेलेर बारम्बार विनाकारण काँध फेराफेर गरेकाले अन्ततः दुई ठूला दल आपसमा मिलेर जानुको कुनै विकल्प नै थिएन र अन्ततः त्यही भयो।

२०७९ पुस १० बनेको नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारले बहुमतीय सरकार, अहिले २७५ सदस्यीय सभामा ६३ मत मात्र पाएर संसद्को अविश्वास छ भन्ने थाहा पाए, जबकि बहुमतमा रहिरहनका लागि कम्तीमा पनि १३८ मत आवश्यक पर्छ। यसपटक नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी र नेकपा एकीकृत समाजवादीका मतहरू मात्र सरकारका पक्षमा रहे। यसरी प्रचण्ड सरकारको बहिर्गमनसँगै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा नयाँ सहमतिको सरकार बनेको छ। नेपालमा अहिले अनपेक्षितरूपमा राजनीतिको नयाँ कोर्स शुरू भएको छ। नेपालका राजनीतिक दलहरूको स्वार्थी स्वरूपलाई लिएर, कहिले कोसँगको गठबन्धन त कहिले कोसँगको गठबन्धनले वाक्क भएका दलहरू र नेपाली जनताको लागि केही नयाँ बाटो खुल्न लागेको हो कि भन्ने आशा पलाएको जस्तो देखिए पनि वास्तविकता यसको ठीक उल्टो छ। हिजोसम्म भ्रष्टाचारै भ्रष्टाचारमा गन्हाएका काङ्ग्रेस र एमालेको एतिहासिक विरासत हेर्दा यिनीहरूको नेतृत्वमा सरकार बन्दा कुनै नयाँ चीज नहुने कुरामा ढुक्क भए हुन्छ। हुनत प्रतिनिधिसभाका दुई ठूला दल नेपाली काङ्ग्रेस र नेकपा एमालेले मिलेर आपसी स्वस्थ प्रतिस्पर्धी हुँदाहुँदै पनि मुलुकलाई अस्थिर राजनीतिबाट मुक्त गर्ने प्रयास गरेको देखिन्छ। तर यो केवल नौटङ्की मात्रै हो। ‘हात्तीको देखाउने दाँत र चपाउने दाँत’ जस्तै यसको भर कसैले पर्नुहुँदैन। यो सरकारको भविष्य पनि दिगो छैन।

हुनत संविधानसभाबाट संविधान बन्दै गर्दा राष्ट्रिय सरकारको पनि कल्पना गरिएको थियो जस्तो कि दक्षिण अफ्रिकामा बनेको संविधान छ। तर नेपालको संविधानले केही गुण बेलायती प्रणालीको, केही गुण भारतीय संविधानको, केही गुण अमेरिकी संविधानको, मूलतः संसदीय लोकतान्त्रिक प्रणालीको आधारमा राजनीतिक प्रणालीलाई स्वीकार गरेको छ। अर्थात् संसद्मा सत्तापक्ष र विपक्षको कल्पनासहित संसदीय सर्वोच्चता एकातिर, अर्कोतिर न्यायालयको सर्वोच्चता वा विधिको शासन अनि संसद्प्रति जवाफदेही रहने कार्यपालिकाको सन्तुलन कायम गरेका छौं भनिन्छ।

हाम्रो राजनीतिमा दोष अरूका टाउकामा थोपर्ने र आफूलाई पानीमाथिको ओभानो देखाउने पुरानो चलन छ। नेपालको संविधान–२०७२ मा केही मौलिक प्रावधानहरू राखिएका छन्। ती प्रावधानहरूले प्रजातन्त्रलाई थप समावेशी, थप जनसहभागितामूलक र जनतामा शासनप्रति अपनत्व जागोस् भन्ने अपेक्षा गरिएको छ– सिद्धान्तमा तर व्यवहारमा त्यसो किन भएन भन्ने कुरामा अहिले नेका र एमालेले विचार गरेको पाइन्छ र जनताका अपेक्षा पूरा गर्न जनताका मतले चुनेका ठूला दलहरूले आपसमा मिलेर राष्ट्रिय सहमतिको आवश्यकता महसूस गरिएको भएपनि व्यवहारमा के भइरहेको छ भने दलहरूका सङ्ख्याका आधारमा चलखेल भएको छ, चलखेलले अस्थिरता निम्त्याएको देखिन्छ। यसले कसका कारणले यस्तो भइरहेको छ भन्ने अनुसन्धान जरुरी भएकोले पनि संविधानभित्रैबाट नयाँ संशोधनको आवश्यकता परेको हो कि जस्तो भान हुन्छ। सायद प्रतिनिधिसभाको तेस्रो दल नेकपा माओवादीले आफूलाई अपरिहार्य शक्तिको रूपमा कहिले एमालेलाई त कहिले नेपाली काङ्ग्रेसलाई प्रयोग, दुरुपयोग गरेकोले ती दुई ठूला दल आपसमा मिलेर मुलुकप्रति नयाँ उत्तरदायित्व वहन गर्ने काम गर्न पनि राजनीतिमा नयाँ कोर्स शुरू गरेको जस्तो देखिन्छ तर वास्तवमा यो आफू प्रधानमन्त्री बन्ने तारतम्यबाहेक अरू केही पनि होइन। यसो हेर्दा प्रतिनिधिसभाका दुई ठूला दलको यो राष्ट्रिय सहमतितर्फको अर्को नयाँ प्रयोग पनि हो। संविधानले पनि प्रत्येक १० वर्षमा संविधानका अपरिवर्तनीय प्रावधानहरूबाहेक अन्य धारामा पुनरावलोकन गर्ने भन्ने पनि छ। जनमत सङ्ग्रहमा जान सक्ने प्रावधान पनि छ। के कारणले आजको नैराश्यता आएको हो, निर्वाचनका कारणले या अन्य संवैधानिक कारणले भन्नेबारेमा स्थिर सरकारले अनुसन्धान गर्न र त्यसको राष्ट्रियरूपमा निराकरण गर्न सहज हुने भएकाले पनि हालको सहमतिका आधारमा राष्ट्रिय सरकारको अपेक्षा गरिएको होला। तर दलहरूको नियत नै ठीक नभएपछि कसको के लाग्छ र?

पक्कै पनि संसद्भित्र भएका सबै राजनीतिक दलले जनताले यतिबेला के खोजेको हो, त्यो बुझेकै छन्, त्यसमा पनि अहिले बनेको सबैभन्दा ठूला दुई दल काङ्ग्रेस र एमालेले जनअपेक्षा नबुझ्ने झन् कुरै भएन। घरघरमा रोजगार, सबै भ्रष्टाचारीलाई कारबाई, सुशासन र पारदर्शिता नै यतिबेला जनअपेक्षा हो। मुलुकमा देखिएका नयाँनयाँ जटिलता र सहकारिताका लागि खुलेका सहकारीहरूको आर्थिक अपचलनका बारेमा पनि अनुसन्धान आवश्यक छ। तर के गर्ने विडम्बना नै भन्नुपर्छ सबै भ्रष्टाचारी र अपराधी, तस्करको संरक्षण नै कतै न कतैबाट सरकार स्वयंले आजसम्म गर्दै आएकोमा त्योभन्दा फरक बाटोमा एमाले र नेकाको सरकार हिंड्ला जस्तो छाँटकाँट एक प्रतिशत पनि देखिंदैन।

भनिन्छ, हुने बिरुवाको चिल्लो पात, नहुने बिरुवाको खस्रो पात। अर्थात् एमाले र नेपाली काङ्ग्रेसले पटकपटक सरकार चलाएकै हुन् र गन्हाएकै हुन्। यिनीहरू सुध्रिएको दिन कहिले आउँला भनेको गोरु ब्याउँला र दूधभात खाउँला भने जस्तै हो।

# हरित मटिहानी अभियान अन्तर्गत एकै महीनामा ४१ हजार वृक्षारोपण

महोत्तरी, ४ साउन/रासस

महोत्तरीको मटिहानी नगरपालिकाले ‘हरित मटिहानी’ अभियान अन्तर्गत एक महीनामा ४१ हजार वृक्षारोपण गरेको छ।

गत असारमा एक महीनाको अवधिभित्रै यहाँका किसानले विभिन्न जातका ४१ हजार वृक्षारोपण गरेका हुन्। मटिहानीमा सञ्चालित ‘कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता विकास परियोजना’ कार्यक्रम अन्तर्गत एक महीनामा ४१ हजार बिरुवा रोपिएको नगरप्रमुख हरिप्रसाद मण्डलले जानकारी दिए।

“हामीले यस अभियानमा नगर क्षेत्रका नागरिकलाई परिचालन गरेर ४१ हजार बिरुवा रोप्न सफल भएका छौं, उहाँहरूले आआफ्ना बारीमा बिरुवा रोपेकाले संरक्षणको सुनिश्चितता पनि बढेको छ, नभए विगतमा रोप्ने तर संरक्षण नगर्ने भन्ने आरोप लाग्ने गरेको थियो,” मण्डलले भने।

यस अभियान अन्तर्गत असार दोस्रो साताभित्र १० हजार कागती, तेस्रो सातामा १० हजार उन्नत जातका केरा र चौथो सातामा घाँस प्रयोजनका लागि कटहर, बकाइनो र इपिलिपिलसहित २१ हजार नयाँ बिरुवा रोपिएको उनले जानकारी दिए। कटहर भने फल र घाँस प्रयोजनमा प्रयोग हुने बहुउपयोगी वनस्पति हो।

नगरपालिकाले साना किसानको जीवनस्तर उकास्न हेफर इन्टरनेशनलसँगको सहकार्यमा किसानलाई फलफूल र घाँसका बिरुवा निश्शुल्क उपलब्ध गराएको हो। यसमा विपन्न किसान परिवारलाई प्राथमिकतामा राखिएको नगरपालिकाले जनाएको छ।

कार्यालयका प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्माले नगर क्षेत्र हराभरा, फलमा आत्मनिर्भर र पशुपालन व्यवसाय सञ्चालन गर्न यस अभियानले सघाउ पुग्ने विश्वास व्य[redacted] “हामीले गरीब किसान पहिचा[redacted] छौं। पछिल्लो साता रोपिएका [redacted]र बिरुवा घाँस प्रयोजनका छन्, य[redacted]सानलाई पशुपालन सहज बनाउने[redacted] भन्छन्, “यसैगरी, फलमा आत[redacted] बनाउन यसअघि आँप र लिच्ची[redacted]वा रोप्न लगाइएको छ, गत अस[redacted]त्रै नगर क्षेत्रका किसानले १० ह[redacted]कागतीका बिरुवा रोपेका छन्।”

नगरपालिकाले स[redacted]सानलाई आयआर्जनमा सहयोग[redacted]उद्देश्यले पछिल्ला पाँच वर्षयता [redacted]ी (धान, गहुँ)को उन्नत बीउ, फ[redacted] घाँसका बिरुवा वितरण गर्दै आएको उनले जानकारी दिए। “हाम्रो ध्येय साना किसानको आर्थिक गतिविधि बढाउँदै फलफूल, मासु, दूध र अन्नबालीमा आत्मनिर्भर बनाउनु हो। यसका लागि कृषिलाई पहिलो प्राथमिकतामा राखेर योजनाबद्ध काम थालेका छौं।”

मटिहानी तरकारी र आँपको पकेट क्षेत्र मानिन्छ। यसैगरी, यहाँ सघनरूपमा मखान (पोखरीको पानीमा लगाइने फल) खेती पनि हुँदै आएको छ। त्यसैले नगरपालिकाले किसानको सहजताका लागि कृषि उत्पादन टिपेर राख्ने टोकरी, डिजिटल तराजु, वर्षाबाट जोगाउन त्रिपाल र बोरा सिउने फलामे सियोसहितका सामग्री परियोजनाको सहयोगमा उपलब्ध गराउँदै आएको छ। यसका अतिरिक्त आकाशे पानीको भरमा हुने खेतीलाई सिंचाइमा आत्मनिर्भर बनाउन बोरिङ जडानका तथा पशुवस्तुको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था पनि गरिएको नगरप्रमुख मण्डल बताउँछन्।

यस्ता सहयोगले यहाँका किसान पनि उत्साहित छन्। मटिहानी–७ का किसान वैजनाथ कापर भन्छन्, “नगरपालिकाले विभिन्न सहयोग र सहजीकरण गरिरहेकाले हामीमा कृषिकर्म गर्ने जाँगर र विश्वास जागेको छ। अब आफ्नै यहाँका उत्पादन भण्डारणका लागि चिस्यानघर बनाइदिए धेरै राहत हुन्थ्यो, यस विषयमा नगरको नेतृत्वसँग माग गरिरहेका छौं।”

मटिहानी–७ कै भदैया मण्डलले पनि अबको आवश्यकता चिस्यानघर भएको बताए। “उत्पादनका लागि नगरपालिकाबाट थोरै भएपनि सहयोग पाएका छौं, अब चिस्यानघर भए हुन्थ्यो, त्यसपछि हाम्रा उत्पादन भण्डारण गरेर राम्रो बजार भाउ पाउने बेला बेच्न सकिन्थ्यो।”

नगरपालिकाले सञ्चालन गरेको हरित मटिहानी अभियान अन्तर्गत किसानले आफ्ना खेतबारीमा फलफूल र घाँसका रूख हुर्काउन थालेसँगै यहाँका सार्वजनिकस्थल तथा खाली चउरमा पनि विभिन्न प्रजातिका सौन्दर्य बढाउने फूल रोपिएका छन्। यसले आन्तरिक पर्यटकलाई लोभ्याउने गरेको छ।

उनी ३०५ वर्ष पुरानो गुरुकुल पाठशाला, लक्ष्मीनारायण मठ, पीरबाबा मजार, लक्ष्मीनारायण मन्दिर, लक्ष्मीसागर महाआरती, तस्मैयाबाबाको खन्ती र सधैं फर्फराइरहने ११० फिट अग्लो राष्ट्रिय झन्डाले समेत आकर्षण थपिरहेका छन्, जसको दर्शन र अवलोकनका लागि श्रद्धालु भक्तजनको बाक्लै उपस्थिति हुने गरेको छ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजि[redacted]सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८


# वाटिका

२०८१ साउन ०५ गते शनिवार | प्रतीक | 2024 July 20 Saturday



## बाल्यकालको दाहा संस्कृतिको स्मृति

स्वान्त सुखाय:



सञ्जय मित्र

mitrasanjay41@gmail.com

अहिले मेरो गाउँमा दाहा हुँदैन। म जन्मेको गाउँ पुर्नी गेडहीमा अहिले पनि मुस्लिम समुदायको कुनै परिवार छैन तर म जन्मिनुभन्दा पहिलेदेखि नै दाहा हुन्थ्यो।

दाहालाई मुहर्रम भनिन्छ भनी धेरै पछि मात्र मैले थाहा पाएको हुँ। दाहा हाम्रो परिवारको लागि निकै उत्सुकताको पर्व हुन्थ्यो। यसका धेरै कारण छन्।

हाम्रै खलकका एकजना हजुरबुबा हुनुहुन्थ्यो। उहाँको जिउमा इमान साहेब बस्नुहुन्थ्यो। त्यति बेला हामीले बुझेको इमान साहेब चाहिं दाहाका देवता हुन्, भगवान हुन्। जब उहाँको जिउ हल्लिन थाल्थ्यो, हामीलाई थाहा हुनासाथ हामी इमान साहेब, इमान साहेब भन्न थाल्थ्यौं। मैले गाउँ छाडेपछिको मलाई सम्झना छैन तर जहाँसम्म मलाई लाग्छ, उहाँले आफ्नो जीवनभर दाहा बनाउनुभयो।

जयनगरको दाहा हाम्रो गाउँमा आउँथ्यो। हजुरबुबाले बनाउनुभएको दाहाप्रति जयनगरका मुस्लिम समुदायको निकै ठूलो श्रद्धा थियो। त्यति बेलाको ठूलो मान यस अर्थमा पनि थियो कि हामी दाहिने मिल्थ्यौं। दाहिने मिल्नु गर्वको विषय मानिन्थ्यो। दाहिने मिल्नुको अर्थ हो, जब हाम्रो गाउँको अशोक नजीक जयनगरको दाहा आउँथ्यो तब ससम्मान बोलाउन आउँथे केही मानिस अनि दाहा लिएर जान्थ्यौं। दाहा लिएर जाँदा हाम्रो खलकका साथै अन्य श्रद्धालु आइमाईहरू गीत गाउँदै दाहाको पछिपछि लाग्दथे। तरबर तासा पनि आफ्नो तालले बजिरहेको हुन्थ्यो। अनि मुस्लिम समुदायका मानिसहरू डङ्का बजाउँथे। डङ्का अनि तरबर तासाको एउटै तालले निकै ठूलो उत्साह र उत्तेजना सिर्जना गर्दथ्यो। जब दाहा लिएर नजीक पुग्थ्यौं, त्यहाँ उपस्थित सयौं वा हजारौं मानिसले सोही तालमा स्वागत गर्दथे। हामी दाहा लिएर दौड्दै वा दाहाको पछि कुद्दै गएर जयनगरबाट अशोकनेर ल्याएर राखिएको दाहालाई दाहिने पारेर परिक्रमा गर्दथ्यौं र सबै दाहाको लाइनको सिरानमा लगेर राख्थ्यौं। मुस्लिम समुदायले आफ्नै तरीकाले र हिन्दू समुदायले आआफ्नै किसिमले अभिवादन गर्दथे।

हाम्रो करबोल माइधियामा थियो। माइधिया अहिले माधवनारायण नगरपालिकामा छ। जयनगर र पुर्नी गेडहीको दाहा र अन्य आसपासका गाउँको दाहा त्यहीं पुग्दथ्यो। त्यहाँ पनि दाहा मिलन हुँदा हाम्रो दाहालाई दाहिने नै मिल्दथे, हामी पनि दाहिने मिल्दथ्यौं।

मेरो गाउँको उत्तरमा रहेको टोलापर (ठूलो गेडही)मा केही मुस्लिम परिवार पहिलेदेखि नै छन्। त्यहाँको दाहा झाँझपुलमा जान्थ्यो। त्यहाँ पनि लक्ष्मीपुर, महम्मदपुर, अमरपटि, गरुडा, ठेठरहिया आदि गाउँका दाहाहरू आउँथे। आजभोलि यस ठाउँमा मेला लाग्न छाडेको छ। गत बिहीवार यहाँ कुनै पनि दाहा देखिएन र मेलाको कुनै नामोनिशान थिएन।

टोलापरको केही दाहा किन हो किन हाम्रो गाउँसँगै जयनगरसित माइधिया करबोलमा जान खोजे। दाहा कसरी मिलाउने भन्ने अलमल थियो। जयनगरले हामी दाहिने मिल्न दिदैनौं भन्यो। जयनगरले दाहिने मिल्न नदिने कुरा मात्र गरेन, हाम्रो दाहाको पनि दाहिने परिक्रमा गर्न दिंदैनौं भने। तिनीहरूले देब्रे नै मिले सबैतिर।

दाहा मेलामा मुर्ही कचरी बेच्न जान्थ्यौं। हाम्रो घरपरिवारबाट धेरै जनाको यो पेशा पनि थियो र मेलाको अवसरमा करीब सबैको घरबाट यो बेपार हुन्थ्यो। मलाई पनि रमाइलो लाग्थ्यो।

दाहा मेलामा धेरै रमाइलो हुन्थ्यो। मेलाको कम्तीमा एक महीना पहिलेदेखि गाउँमा झारा खेल हुन्थ्यो। मैले पनि कैयौं वर्ष झारा खेलेको छु। बाँसको झारा बनाएर वा हातमा एउटा बलियो सानो लठ्ठी लिएर दुवैतिरका समकक्षीको हातमा रहेको झारातिर मेसो मिलाएर हान्दै दाहिनेतर्फ उफ्रादै, नाच्दै, घुम्दै अगाडि बढ्नुको आनन्द अहिले स्मृतिको सीमित चौघेरोमा कैद छ। यसमा बहुरूपिया बन्नेहरू पनि हुन्थे। गोलाकारमा हान्दै, गाउँदै, उफ्रँदै, नाच्दै र कुनै बेला बसेर हान्दै झारा खेल्दा बीचमा भने बाजा बजाउनेहरू सुकुलमा बसेका हुन्थे। कोही झिम लिएर हाम्रो विपरीत दिशामा घेराभित्र बजाउँदै घुमिरहेका हुन्थे। बहुरूपिया अनेक नृत्य गर्दै घेराको बीचमा घुम्दथे। आहा, उत्सवको त्यो आनन्द अहिले करीब लोप नै भइसकेको छ।

जयनगरको दोहरमा एक महीनाभन्दा पहिलेदेखि नै दाहामा देखाउनको लागि विभिन्न खेलतमाशाको तयारी चल्दथ्यो। त्यहाँ दाहाको तालमा बजाएको बाजा रातिराति हाम्रो गाउँसम्म सुनिन्थ्यो। अनि केही सीमित मानिस झाराको तयारी गर्दथे। एक दुई दिन झारा खेल्ने अभ्यास भएपछि गाउँका करीब हरेकजसो युवा दिउँसो बाँसको राम्रो झारा बनाउने काम गर्दथे। दाहाको अघिल्लो रात अशोकनेर वा हजुरबुबाको दाहानजीक सबैभन्दा भव्य झारा हुन्थ्यो जुन करीब करीब रातभरि चल्दथ्यो।

दाहा मेला लाग्ने ठाउँ निकै फराकिलो थियो। त्यहाँ निकै खेल तमाशा हुन्थ्यो। त्यहाँ करबोलमा हुने खेल तमाशामा चाहिं आकर्षणको दृष्टिकोणले हिन्दू समुदायलाई मुस्लिम समुदायले देखाउने तमाशाप्रति र मुस्लिम समुदायलाई हिन्दू समुदायले देखाउने तमाशाप्रति बढी रुचि हुन्थ्यो। केही धेरै मनोरञ्जनात्मक प्रस्तुति पनि हुन्थ्यो।

एउटा मान्छेको कम्मरमा डोरी बाँधिएको हुन्थ्यो। उक्त डोरीमा चारओटा डोरी बाँधेर चारजनाले चारतिर तानिरहेका हुन्थे। जसको कम्मरमा डोरी बाँधिएको हुन्थ्यो, उसको हातमा तरबार हुन्थ्यो। ऊ नशा लागेको अभिनय गर्दथ्यो। उसको अनुहारभरि रातो र कालो धेरै रेखा बनाइएको हुन्थ्यो रङ लगाएर। कपडामा रगतैरगत देखिने गरी रातो रङ हालिएको हुन्थ्यो। जताबाट जसले बढी डोरी तान्थ्यो, उसैतिर ऊ हातमा रहेको तरबारले मार हान्न खोज्थ्यो। एउटाले तानेपछि अरू तीनजनाले अलिकति खुकुलो बनाउँथे। एकातिर तरबार प्रहार गरेपछि अर्कोतिर पनि उसैगरी तान्दथे। कुनै पनि अवस्थामा डोरी तान्नेलाई भेट्टाउन सक्ने किसिमको दूरी हुँदैनथ्यो। हामी बडो आनन्दले योा तमाशा पर्खिरहेका हुन्थ्यौं। सानोमा हामीलाई लाग्दथ्यो वा भनिएको हुन्थ्यो, जसको कम्मरमा डोरी बाँधिएको छ, ऊ दरूआहा हो। दरूआहालाई मेला हेर्न मन लागेको छ तर ऊ बदमाश भएकोले उसलाई टाढा राख्न चारैतिरबाट चार जनाले डोरी तानिरहेका हुन्छन्। कुनै कुनै बेला अन्य मानिसतिर पनि तरबार चलाएकोजस्तो उसले गर्दथ्यो।

लाठी भाँज्ने, खुकुरी वा तरबारले अनेक तमाशा देखाउने, भाला र बर्छीको कमाल देखाउने, दुईटा अग्लो बाँसको सिंढीजस्तो बनाएर त्यसमा चढी अनेक तमाशा देखाउने गरिन्थ्यो। हरेक तमाशाको साथमा बाजा बजिरहेको हुन्थ्यो। बाजाको ताल यस्तो उत्तेजक हुन्थ्यो, आजभोलि लाग्दछ, फिलिमको हरेक डायलग र हरेक गतिविधिको पछाडि जुन किसिमको सङ्गीत हुन्छ, सोही किसिमले बाजा बजाउँदै अनेक अविश्वसनीय तमाशा देखाइन्थ्यो, बाजाको तालमा।

हरेक वर्ष होइन, कुनै कुनै वर्ष कुश्ती पनि हुन्थ्यो। जुन गाउँको दाहा हुन्थ्यो सोही गाउँका मानिस कुश्तीमा सहभागी हुन पाउँथे। यस किसिमले कुश्ती खेललाई मैत्रीपूर्ण कुश्ती भन्न सकिन्छ। कुश्ती खेल आफैंमा पनि उत्तेजना र जोशको खेल हो। जब कुश्ती शुरू हुन्थ्यो, सारा खेलतमाशा हेर्ने मानिस अखडातिर आउँथे। मलाई सम्झना छ, कुश्ती खुब जमेको थियो। कुस्तीमा अनेक जोडीले सहभागिता जनाइसकेका थिए। यसैबीच चिलमिलिया भन्ने गाउँका एकजना पहलवान अखडामा पसेर ताल ठोक्न थाल्यो। सबैले चिनिहाले यो हाम्रो क्षेत्रको होइन। अनि अलिकति होहल्ला भयो। त्यति बेला सुनेको, अखडाको एउटा नियम हुन्छ रे। ताल ठोकेर कसैले जोडी खोज्दछ भने कोही अघि आउनुपर्छ, होइन भने सबैले हार मानेको ठहर्छ। हार मानेपछि उनलाई जिताउरी दिनुपर्छ। यो पनि एक हिसाबले मैत्रीपूर्ण खेल थियो। यसमा अन्य गाउँका पहलवान पस्न नहुने।

(बाँकी चौथो पातामा)



तस्वीर: रामेश्वर मेहता

## उपल्लो मुस्ताङ (कोरला नाका)

यात्रा



विष्णु गिरी 'निश्चल'

स्वर्ग खोज्न उपल्लो मुस्ताङ गए पुग्छ

खुल्ला प्राकृतिक विश्वविद्यालय हो उपल्लो मुस्ताङ

एक बिर्को सोमरस पुर्‍यायो उपल्लो मुस्ताङ (कोरला नाका)

फरक भूगौलसँग रोमाञ्चित हुँदै उपल्लो मुस्ताङको यात्रा

एकीकृत बस्तीको नमूना हो उपल्लो मुस्ताङ

सिङ्गो पहाड नै मन्दिर, गुम्बा, चर्च र मस्जिद बनेर आसमानसँग मिलेर बसेका छन् प्रकृतिले त कुनै धर्म, जातजाति, लिङ्ग र वर्गबीच भेदभाव र विभेद गरेको छैन। उपल्लो मुस्ताङमा दैनिक तीनदेखि चार हजार खर्च गर्दा बस्न सकिने रहेछ। त्यहाँका मानिसले स्थानीय भाषा र पोशाकको संरक्षण, एकीकृत बस्ती, सामूहिकतामा विश्वास गरेको देख्दा मनै आनन्दित भयो।

मैदानको बीचमा नेपाल र चीनको सीमा क्षेत्र छुट्याउने नेपालतर्फको २०१९ मा निर्मित २४ नम्बरको एक्लो टीठलाग्दो फुच्चे सीमास्तम्भ मात्र थियो। नेपाल तर्फको दशगजा क्षेत्र खुला छ भने चीनको क्षेत्र भने तारबारले घेरिएकोले प्रवेश बन्द गरिएको छ। चीनभित्र लोभलाग्दो पूर्वाधारहरू जस्तै सीमा सुरक्षा बल, भन्सार, अध्यागमन कार्यालय र कर्मचारी आवास भवनहरू थिए भने नेपालतर्फ खुला थियो। सुरक्षाको लागि दुईजना सशस्त्र प्रहरीबाहेक अरू केही देखिएन।

त्यति धेरै गाडी चल्दासमेत १० वर्षदेखि ९० वर्षसम्मका पर्यटकहरू पैदल यात्रा गरिरहे, लौरो र गाइडको सहारामा हिडिरहेको देख्दा मन रोमाञ्चित भयो। पृथक र मनमोहक दृश्य, जता फर्के पनि देखिने हिमाल, तालतलैया, हिमाली जीवनशैली, गुफा, गुम्बा मुस्ताङको आकर्षण हो।

मुक्तिनाथको स्पर्श गरेपछि हामी मुस्ताङ जिल्ला घरपङ्झोङ्ग गाउँपालिकामा वित्तीय साक्षरतासम्बन्धी कार्यक्रममा सहभागी भयौं। स्थानीय विद्यालय गाउँपालिकाका कर्मचारी गाउँपालिकाका उपप्रमुख वडा अध्यक्षहरूलगायतको ४० जना जतिको सहभागितामा भएको कार्यक्रममा मैले पनि आफ्नो प्रस्तुति दिएँ। राकेश श्रीस् प्रदिप कँडेलले पनि प्रस्तुति दिए भने पछाडि बसेर हाम्रो हरेक कार्यलाई सफल बनाउन होम थापाको लोभलाग्दो सक्रियता थियो। जुन कार्यक्रमको संयोजन गाउँपालिकामा कार्यरत मित्र राजन कँडेल र आशिष भण्डारीले गरेका थिए। कार्यक्रम सफल भएपछि हामीले सँगै खाना खायौ र उपल्लो मुस्ताङ कोरला नाका जाने योजना बन्यो।

कार्यक्रमको थकान मेट्न हामीले सोमरस पियौं। गाउँपालिकाका साथीहरूका साथमा उपल्लो मुस्ताङको यात्रा तय गरियो चारजनाको। काठमाडौंको यात्रा जोमसोमबाट तीनजना थप गरी सातजनाको टोली बेलुका ५ बजेतिर उपल्लो मुस्ताको लागि हिंड्यो। मित्र आशिष भण्डारीले दिएको जानकारी अनुसार काली गण्डकी करिडर (राष्ट्रिय गौरवको आयोजना) बन्ने तयारीमा छ। उपल्लो मुस्ताङ जानलाई विदेशीले अनुमति लिनुपर्छ र त्यसको लागि शुल्कसमेत तिर्नुपर्छ तर नेपालीले निश्शुल्क यात्रा गर्न मिल्छ।

लोमान्थाङ्ग हाम्रो लागि नितान्त नयाँ गन्तव्य थियो। बुच्काबुच्की, भीर, डाँडा, पाखा, नदीनालाका दृश्य र परिदृश्यहरू हाम्रो लागि सबै नयाँ। त्यसैले जतिसक्दो त्यहाँको मन र माटो छाम्दै खोतल्दै यात्रालाई जीवन्त र परिपक्व बनाउनु थियो। काग खोला तरेपछि अगाडि राँकियो गाडी। पहाडहरू खण्डहर मरुभूमिजस्तो देखिन्थे। कालीगण्डकी पारि पश्चिम किनारामा दुईवटा पहाडको फेदीमा अवस्थित थियो एउटा सानो, अति सुन्दर र हरियालीले ढकमक्क तिरी गाउँ। तिरी गाउँमा खेतीपाती गरिने गराहरू विभिन्न पुस्ताका फलफूलका रूखहरूले ढकमक्क देखिन्थ्यो। त्यसपछि हामी पहाडी मरुभूमिभित्र प्रकृतिले कुँदेका रङ्गीबिरङ्गी चित्रहरू खोतल्न अगाडि बढ्दै गयौं। कालीगण्डकीले बगरको बिस्कुन सुकाइरहेकी थिइन्। पहाड होचिंदै थिए। प्राकृतिक दृश्यहरू हरियालीविहीन भए पनि शब्दले बयान गर्नै नसकिने अति नै सुन्दर देखिन्थे। बादल पनि डाँडाको चुचुरो भागतिर टाँसिएर हिउँजस्तै देखिने। सीधा अगाडि बढ्दै थियौं, एउटा पहाड ठ्याक्कै इजिप्टको पिरामिडजस्तै सुन्दर आकृति र शैलीमा ठिङ्ग अगाडि उभिएको दृश्यले मनै रमाइदियो। भीर, पाखा तथा पखेरामा बुचकाबुचकी बिरुवाहरू, ढुङ्गा माटोबाहेक केही थिएन त्यहाँ। पहाडहरूमा हावा र हल्का वर्षाले निरन्तर कुँदेको अलौकिक र अद्भुत चित्रकला कम थिएनन् प्राकृतिक पहाडमा प्रकृतिले कुँदेका आकृतिहरू .। हिन्दू भएर हेर्दा देखिन्थे अनगिनती मन्दिर तथा मूर्तिहरूका आकृति हनुमान, राम, सीता, रावण। यता बुद्धिस्ट बनेर हेर्दा त्यहाँ प्रशस्त बुद्धका गुम्बा, छोर्तेन, मानेपेमे, ध्वजापताका र झन्डाहरू देखिन्थे। जति अगाडि बढ्यो, त्यति जादूमय पहाडी शृङ्खलाहरूले मन तथा नयनका दुईवटा नानीलाई एकटकले तानेको थियो।

छिनछिनमा मानिसको मन, सोचाइ र हेराइ बदल्दै। कतै देखिन्थ्यो सिङ्गो पहाड नै मन्दिर, गुम्बा, चर्च र मस्जिद बनेर आसमानसँग मिलेर बसेका। लाग्दथ्यो, प्रकृतिले त कुनै धर्म, जातजाति, लिङ्ग र वर्गबीच भेदभाव र विभेद गरेको छैन।

यात्राको क्रममा कहिले दोहरी गाउँदै त कहिले रमाइलो कुराकानी गर्दै हाम्रो यात्रा अगाडि बढ्यो। मुस्ताङमैं कार्यरत साथीहरू साथमा भएको र उनीहरूले धेरैचोटी उपल्लो मुस्ताङको यात्रा गरेकाले हामीलाई कुनै असहजता भएन। जुन ठाउँ पुग्यो त्यसको वर्णन गरिहाल्ने। मित्र आशिष भण्डारीले दिएको जानकारी अनुसार उपल्लो मुस्ताङको बासिन्दाको मुख्य आम्दानी होटल व्यवसाय, पशुपालन तथा खेती नै रहेछ। उजाड पहाडमा पनि उवा, फापर फल्दो रहेछ। भण्डारीका अनुसार उपल्लो मुस्ताङको होटलको लागि चाहिने सबै सामग्री पोखराबाट आउने रहेछ। हामी भिडियो बनाउँदै स्वर्गको अनुभूति गर्दै छुसाङ्ग पुग्यौं, जुन कालीगण्डकी र नर्साङ्ग खोलाको सङ्गम पनि थियो। कताकति डाँडाहरूमा हरियालीको जुँगारेखी देखिन थालेको थियो भने कतै त उही मरुभूमिजस्तै फुस्रा र नग्न स्वरूप। बाटोको देब्रेतिर पहाडको चुचुरातिर हिउँले बास जमाएकै थियो र पो देखिन्थ्यो सेताम्यै र सुन्दर पहाडका टुप्पाहरू। हामी घ्याकर, समर, भेना, साङ्बोचे, घिलिङ्, जैते, घमी, चराङ्ग हुँदै लोमान्थाङ्ग पुग्यौं।



लोमानथाङ्ग अलौकिक सुन्दरता र पृथक भूगोल भएको विशाल उपत्यकाभित्र ठूलो पर्खालभित्र फैलिएको माटोको शहर रहेछ। जहाँ कृषि कर्म गरिने, मानेपेमे, गुम्बा, गुफा, दरबार, प्राचीन संस्कृतिले अड्डा जमाएर बसेको रहेछ। विश्वसम्पदा सूचीकृत विशेष संरक्षित क्षेत्र रहेछ। यो साबिकको लोमानथाङ्ग, छोसेर र छोन्हुप गाउँ विकास समितिहरू मिलाएर बनेको गाउँपालिका रहेछ। त्यसपछि हामी त्यहाँको पूर्व राजाको दरबार हेर्न गयौं। चौधौं शताब्दीमा तत्कालीन राजा आङ्देन साङ्वो विष्टको पालामा निर्माण गरिएको रहेछ। यो दरबारले करीब दुई रोपनी पाँच आना क्षेत्रफल ढाकेको रहेछ, जसमा पाँच तलामा गरी १०८ कोठा रहेछ। अक्सिजनको कमीले शवासप्रश्वासमा अप्ठ्यारो महसूस भयो। मैले अदुवा र लसुनको जोहो जोमसोमबाटै गरेको थिएँ। अदुवा र लसुन चुस्तै निरन्तर यात्रा अगाडि बढिरहयो। स्थानीय खाना मुस्ताङे आलुको तरकारी, दाल, अन्डा, टिम्मुरको छोप निकै स्वादिलो थियो। खाना पीरो र नुन चर्को पनि थिएन। खानापछि होटलवालासँग एकछिन कुरा गरियो। राति सुत्दा कोठाको सबै झ्याल ढोकाहरू बन्द गर्दा अक्सिजनको अभावले श्वासप्रश्वासमा समस्या आउला भनेर झ्याल केही खुला राखेकोले खासै समस्या भएन।

(बाँकी पाँचौं पातामा)

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



हरिकृष्ण बराल
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

संसारप्रति आशक्ति तथा विरक्तिबीचमा मध्य खोज्नु र त्यसमा स्थिर हुनु नै सन्न्यासमा संयम प्राप्त गर्नु हो। यस प्रकार जसले समस्त अतिमा संयम साध्न सक्छ, ऊ अतिहरूबाट पार हुन सक्छ। उसकै जीवनमा निर्वाणको सङ्गीतको अवतरण हुन्छ। मानिसको मन अतिहरूको बीचमा बाँच्न मन पराउँछ। यदि अतिहरू छैनन् भने मन विलीन हुन जान्छ। मनको कोलाहल विलीन हुने बित्तिकै सजिलैसँग जीवनको सङ्गीत सुनिन थाल्छ। जुन सङ्गीत सदैव हामीभित्र अविछिन्नरूपले बजिरहेको हुन्छ। स्वयंको त्यो सङ्गीत नै निर्वाण हो, मोक्ष हो, परम ब्रह्म हो। हामीले बुझ्नुपर्ने कुरा के छ भने पानीमा डुब्नबाट बच्नको लागि हामीले कहिल्यै आगोभित्र पस्नुहुँदैन।

हामीले घोर निराशामा जीवनयापन गर्न बन्द गर्नुपर्छ। म एउटा छुद्र प्राणीले कसरी विराट परमात्मालाई प्राप्त गर्न सक्छु भन्ने सोचाइ राखेर दुःखी हुनुहुँदैन। परमात्मा सर्वव्यापी हुनुहुन्छ। यसैले परमात्मा हामी सबैको भित्र हुनुहुन्छ। यदि हामीभित्र विराट परमात्मा मौजुद हुनुहुन्छ भने हामी कसरी क्षुद्र प्राणी भयौं ? हामीहरू कोही पनि न दीनहीन छौं, न त महान् छौं। श्रेष्ठता र हीनता दुवै अहङ्कारका कुरा हुन्। हामीले आफूलाई क्षुद्र मानिस भनेर हामी विनम्र बनिरहेका हुँदैनौं। बरु हामी हाम्रो अहङ्कारलाई शीर्षासन गराइरहेका हुन्छौं। म धेरै महान् छु, मभन्दा माथि कोही छैनन्, म नै सर्वश्रेष्ठ र सर्वोपरी छु भन्ने हाम्रो रूपलाई सबैले स्पष्टरूपले देख्न सक्छन्। सबैले हामीलाई भन्छन् यो कस्तो अभिमानी रहेछ। तर म त केही पनि हैन, म तपाईंको चरणको धूलो हुँ, म एउटा क्षुद्र मनुष्य हुँ भन्ने कुराहरू पनि अहङ्कारकै रूप हो। तापनि यसलाई प्रत्यक्षरूपले मानिसहरूले देख्न सक्दैनन्। यो अहङ्कारको शीर्षासन हो। यी दुवैमा केही फरक छैन। न कोही सानो छ, न कोही ठूलो छ। यदि परमात्मा सर्वव्यापी छन् भने सबै मानिस, पशुपक्षी, प्राणी, वनस्पति, कीटपतङ्ग सबैमा उनको निवास छ। सबैको शरीर उनको मन्दिर हो, सबै शरीरमा उनै विराजमान छन्। यसैले सबैको शरीरको गरिमा छ, कुनै पनि मनुष्य क्षुद्र छैन। कुनै पनि मनुष्य महान् छैन। हामी सबै प्रभुका भिन्नभिन्न रूप हौं, जसमा प्रभुको बास छ।

हामी कोही पनि क्षुद्र होइनौं। यसैले कसैले पनि निराश हुने जरुरी छैन। हामीले आफूभित्रको अन्तर्आत्मालाई जान्न सक्यौं, चिन्न सक्यौं भने हामीले परमात्मालाई प्राप्त गर्नेछौं। परमात्मा सर्वव्यापी छन्, सच्चिदानन्द छन् भने हामीले निराशा हुने कामै छैन। यदि हामीले आफ्नै आत्मालाई खोज्न सक्यौं भने हामीले परम आनन्दको सूत्र भेट्नेछौं। यो हामीभित्रै मौजुद छ। हामी प्रभुलाई खोज्न बाहिरबाहिर दौडिरहेका छौं, यसैले हामीमा नकारात्मक धारणाहरू उत्पन्न हुन्छन्। हामी प्रभुलाई खोज्न मन्दिर, मस्जिद, गुरुद्वारा जान्छौं। अनेक तीर्थस्थानमा गएर स्नान गर्छौं। तर हामी प्रभुलाई प्राप्त गर्न सक्दैनौं। हामीलाई बिस्तारैबिस्तारै निराशाले घेर्न थाल्छ। प्रभु खोज्ने र सोच्ने तथा विचार गर्ने कुरा नै होइन। यो त ध्यानमा आफूभित्र डुब्ने कुरा हो। तब हामीलाई प्रभुप्राप्तिको सूत्र प्राप्त हुन्छ। मालामा धेरै गेडा हुन्छन्, तर सबैलाई एउटै धागोमा उनिएको हुन्छ। यसैगरी, संसारमा हामीहरू करीब आठ अरब मानिस छौं। हामीभन्दा पहिले खरबौं खरब मानिसहरू आए र यसपछि पनि आउनेछन्। यहाँ मानिसको अलावा अनन्तअनन्त भिन्नभिन्न प्राणीहरू छन्। सबैलाई जीवनरूपी एउटै धागोले उनिएको छ। त्यही धागोलाई नै हामीहरू परमात्मा भन्छौं। यदि मालाको गेडाले म सर्वव्यापी धागोलाई म कहाँ भेटुँ भनेर सोध्यो भने हामी भन्छौं– तिमी आफैंभित्र खोज। टाढा त तिमी जान पनि सक्दैनौ। हामीले याद राख्नुपर्ने कुरा के हो भने बाहिरी जगत् विज्ञानको क्षेत्र हो। यहाँ वैज्ञानिकहरू अन्वेषण गर्छन्। अध्यात्मको क्षेत्र आफैंभित्र छ। अध्यात्मको मतलब आत्मासँग सम्बन्धित, स्वयंसँग सम्बन्धित भन्ने हुन्छ। यदि हामी परमात्मा बाहिरबाहिर खोज्नमा अल्मलियौं भने त्यहाँ परमात्मा भेटिनेछैन। बाहिर त पदार्थ मात्र भेटिन्छ। त्यहाँ अरू मालाका गेडा भेटिनेछन्। तर त्यहाँ धागो भने भेटिनेछैन। धागो खोज्नु छ भने आफैंभित्र खोज्नुपर्छ। जब हामी परमात्मालाई खोजी पूर्ण गर्छौं, तब हामी पाउँछौं कि सबैभित्र त्यही परमात्मा छ। निश्चितरूपमा सच्चिदानन्द स्वरूप, विराट परमात्मा सर्वव्यापी छ।

सन्त कबीर भन्नुहुन्छ– परमात्मा एकदमै नजीकमा छ। यसो भनेर उनले हामीहरूलाई एउटा आशावादी दृष्टिकोण दिनुभएको छ। यति निकट परमात्मा छ भने म पनि खोज्न सक्छु भन्ने हामीलाई लाग्छ। हुन पनि आत्मारूपमा हामी सबैभित्र परमात्मा मौजुद छ। सन्त कबीर भन्नुहुन्छ– परमात्मा खोज्न सजिलो छ। आफूलाई खोज्न सके परमात्मालाई सजिलै पाउन सकिन्छ। आफूलाई जान्नुभन्दा सजिलो काम के होला ?

जब हामी म भन्ने शब्दको प्रयोग गर्छौं, तब यो 'म'को विभिन्न अर्थ लाग्छ। यदि हाम्रो तादात्म्य हाम्रो तन र मनसँग छ भने अहङ्कार घटित हुन्छ। अधिकांश पुरुषको तादात्मय आफ्नो मनसँग हुन्छ, आफ्नो विचारसँग हुन्छ। अधिकांश स्त्रीको तादात्म्य आफ्नो तनसँग हुन्छ, आफ्नो शरीरसँग हुन्छ, आफ्नो रूपसँग हुन्छ, आफ्नो सौन्दर्यसँग हुन्छ। यी 'म' का अहङ्कारका रूप हुन्। तर एउटा अर्को पनि म छ। त्यो म हाम्रो आत्मसत्ता हो। यो हामीभित्रको कन्शसनेस हो, यो हामो चेतना हो। यो हाम्रो तन तथा मनसँग सम्बन्धित छैन। त्यो म हाम्रो तन तथा मन दुवैको द्रष्टा हो। एउटा मुश्किलको कुरा के छ भने भाषामा सबैको लागि एउटै शब्द छ। भगवान् कृष्ण अर्जुनलाई भन्नुहुन्छ– म सूर्यभन्दा पहिले पनि थिए। अब हामीले विचार गर्नुपर्ने कुरा छ कि भगवान् कृष्णाले कुन 'म'को कुरा गरिरहनुभएको छ ?

उहाँ श्रीकृष्णारूपी 'म'को कुरा गरिरहनुभएको छैन, जो अर्जुनका मित्र थिए। उहाँ आफ्नो चैतन्यको कुरा गरिरहनुभएको छ। जो सृष्टिको पूर्व पनि थियो। जब पृथ्वी पनि थिएन, सूर्य पनि थिएन, तब पनि थियो।

इसा मसिह भन्नुहुन्छ– जब प्रथम पैगम्बर अब्राइम भएका थिएनन्, तब पनि 'म' थिए। उहाँले कुन 'म'को कुरा गरिरहनुभएको छ ? उहाँले पनि आफ्नो चैतन्यको कुरा गरिरहनुभएको छ।

यसरी हर्दा 'म'का विभिन्न रूप देख्न सछौं। एउटा रूप अहङ्कारको भयो भने अर्को रूप आत्मा, सेल्फ अथवा चेतना भयो। एउटा तन तथा मनसँग सम्बन्धित छ भने अर्को हाम्रो चेतनासँग सम्बन्धित छ। भाषामा अर्को शब्द नभएकोले एउटै शब्द प्रयोग भएको छ। त्यसैले हामीले स्मरण राख्नुपर्ने कुरा के छ भने कहाँ 'म'को अर्थ अहङ्कार हुन्छ र कहाँ 'म'को अर्थ आत्मा अथवा चेतना हुन्छ।


हामीहरूले ध्यानमा जानुभन्दा पहिले हाम्रो जीवनमा घटेका सकारात्मक घटनालाई स्मरण गर्नुपर्छ। मानौं हाम्रो जीवनमा धेरै नकारात्मक घटना भए, तर पनि केही न केही त सकारात्मक घटनाहरू पक्कै भएका होलान्। अहिले अथवा हालसालै नभएका भएपनि पहिले कुनै न कुनै बेला त पक्कै भएका होलान्। हामी त्यसैलाई स्मरण गरौं। आज अशान्ति छ, बेचैनी छ, डिप्रेशन छ भने पनि केही भएन। कहिले न कहिले त हामीले यी शान्तिका पलहरू जानेका हौंला। कुनै न कुनै बेला हामीले चैनको बाँसुरी बजाएका हौंला। कुनै न कुनै बेला हाम्रो जीवनमा प्रेम घटित भएको थियो होला। कुनै न कुनै बेला जीवनमा खुशीको लहर आएको थियो होला। हामी ती पलहरूलाई स्मरण गरौं। तब हामी पाउनेछौं कि बिस्तारैबिस्तारै हामी यस उदासीको घेरालाई नाघेर बाहिर निस्कन शुरू गर्नेछौं। क्रमशः

# अल्कली वा क्षारको विषाक्तता



स्वास्थ्य चर्चा
डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

पाठकवृन्द एसिडपछि अल्कली अथवा क्षारको पालो छ। एसिडको नेपाली अम्ल र अल्कलीको क्षार हुन्छ। बढी आक्रमण र विषाक्तताका घटना एसिडको भएपनि क्षारको क्षति एसिडभन्दा बढी हुन्छ। क्षारको मतलब नुनिलो हुनु हो, जुन धरतीको परतमा हुन्छ र कृषिमा व्यापकरूपले प्रयोग हुन्छ। देहातका पाठकलाई थाहा होला कि रेह कसलाई भनिन्छ। रेह खेतको त्यस भागलाई भनिन्छ, जसमा धान हुँदैन तर कोदो हुन्छ। यही रेह क्षार हो। धुसी धाङ्डमा रेह बढी हुन्छ। अम्लीय माटोलाई क्षारीय बनाउन क्षार र क्षारीय माटोलाई अम्लीय बनाउन अम्लको प्रयोग गरिन्छ। कारखानामा विभिन्न खाद बनाउन क्षारको प्रयोग गरिन्छ। यसको अतिरिक्त पानीबाट धातु निकाली त्यसलाई शुद्ध बनाउनको लागि पनि क्षारको प्रयोग हुन्छ। रेनोन र नाइलनका कपडाका फाइबर बनाउन मात्र होइन, बरु प्राकृतिक फाइबरलाई पनि चमकदार र बलियो बनाउन पनि र विभिन्न औषधिको निर्माणमा पनि क्षारको प्रयोग हुन्छ। वनस्पति तेलबाट साबुन र पेपरमिलमा पेपर पल्प बनाउन पनि क्षार जरुरी हुन्छ। प्रयोगशालामा विभिन्न एसिड र अल्कलीको प्रयोग त सर्वविदितै छ। यसरी सजिलै उपलब्ध हुनाले क्षारको विषाक्तता सामान्य कुरा बनेको छ। यसको विषाक्तता बढी दुर्घटनास्वरूप नै देखिएको छ किनभने ठूलो मानिसले यसलाई बियर र बच्चाहरूले पानी सम्झेर खाइदिन्छन्। कहिलेकाहीं आत्महत्याको घटना त देखिएको छ तर हत्यामा भने हुँदैन किनभने यो तीक्ष्ण स्वादको र दुर्गन्धित हुन्छ। पहिलेपहिले यसबाट गर्भपात गराएको आपराधिक घटना पनि देखिएको थियो। जबकि अनुहार विद्रुप पार्ने घटना एसिडले हुन्छ तर कहिलेकाहीं यसको लागि जब क्षारको प्रयोग हुन्छ, तब स्थिति एसिडभन्दा पनि भयङ्कर हुन्छ किनभने एसिडले जहाँ कोगुलेटिङ नेक्रोसिस गर्छ, त्यहाँ क्षारले लिक्विफेक्सन नेक्रोसिस गर्छ। यसको मतलब हो कि कोगुलेट भएपछि उत्तकमा एसिडको अवशोषण रोकिन्छ। लिक्विफेक्सन नेक्रोसिसको मतलब यो हो कि उत्तक गल्दै जान्छ र क्षारको अवशोषण बढ्दै जान्छ। यो क्रम तबसम्म चल्छ, जबसम्म क्षारलाई नयुट्रलाइज वा डाइल्युट नगरियोस्। तताएको अन्डाको जुन डल्लो बन्छ, त्यो कोगुलेसन हो। त्यसमा अब बढी तेल अवशोषण हुँदैन। बर्फ तताएपछि जुन पानी बन्छ, त्यो लिक्विफेक्सन हो। त्यो तबसम्म जारी रहन्छ, जबसम्म पूरै बर्फ नै समाप्त नहोस् वा तताउने क्रिया बन्द नहोस्। अतः एसिडमा जहाँ टिस्यू डिस्ट्रक्सनको एक सीमा हुन्छ, त्यहाँ अल्कलीको कुनै सीमा हुँदैन। त्यो तबसम्म जारी रहन्छ, जबसम्म क्षारलाई न्युट्रलाइज नगरियोस्। त्यसैले एसिडबाट ग्रासनली बाँच्छ तर अल्कलीबाट बाँच्दैन। जहाँ एसिडले आमाशयको उत्तकलाई नोक्सान गर्छ, त्यहाँ अल्कलीले ग्रासनलीलाई पनि उत्तिकै नोक्सान गर्छ। ग्रासनली खाना पास गर्न लायक रहँदैन। क्षारले बोसोलाई इमल्सिफाई अर्थात् पेस्ट बनाइदिन्छ। सेलको बाहिरी आवरण बोसोले बनेको हुन्छ र त्यही गल्यो भने सेलको संरचना





नै सानो ठूलो हुन्छ, जबकि एसिडमा यस्तो हुँदैन।

धातुको घोललाई क्षार भनिन्छ। यो अनिवार्यरूपले पानीमा घुलनशील हुन्छ। जो पानीमा घुलनशील हुँदैन, त्यो क्षार नै होइन। मुख्य क्षारहरू सोडियम, पोटाशियम, क्याल्शियम र मेग्नेशियमको हाइड्रोक्साइड हुन् अर्थात् सोडियम हाइड्रोक्साइड, पोटाशियम हाइड्रोक्साइड, क्याल्शियम हाइड्रोक्साइड र मेग्नेशियम हाइड्रोक्साइड। अमोनिया ग्याँस एक क्षार हो। सासबाट प्रवेश गरेर यसले अत्यधिक क्षति गर्छ। क्षार अधिक सम्पृक्त भए कोरोसिभ र कम भए इरिटेन्ट विषको काम गर्छ। कोरोसिभको मतलब बिस्तारै क्षति गर्दै जाने र इरिटेन्टको मतलब उत्तकलाई उत्तेजित पार्नु हो, जबकि एसिडले केवल कोरोसिभ विषको मात्र काम गर्छ। एसिडको पिएच ७ भन्दा कम र क्षारको ७ भन्दा बढी हुन्छ। अमोनिया ग्याँसलाई जब पानीमा घोलिन्छ, तब त्यसलाई हर्टसन लिकर अमोनिया भनिन्छ, जसमा ३२.५ प्रतिशत अमोनिया हुन्छ, जुन धेरै नै तीखो गन्ध भएको हुनाले मानसिक बेहोसीमा रोगीलाई सुँघाएपछि रोगी तुरुन्त उठेर बस्छ। पोटाशियम हाइड्रोक्साइडलाई कास्टिक पोटास र सोडियम होइड्रोक्साइडलाई कास्टिक सोडा भनिन्छ। कास्टिकको मतलब हुन्छ, पोल्ने अर्थात् दुवैले छालामा पोल्ने महसूस हुन्छ। यी दुवै बलिया सफा गर्ने गुणका हुन्छन्। सोडियम कार्बोनेटलाई वाशिङ सोडा भनिन्छ, जसबाट सबै परिचित हुनुपर्छ। आज पनि देहातमा कपडा धुन गरीब परिवारले यसको नै प्रयोग गर्छ।

उपरोक्त सबै कोरोसिभ विष हुन्। यसैमा स्लेक्ड लाइम पनि पर्छ, जसलाई क्याल्शियम आक्साइडमा पानी मिसाएर बनाइन्छ। क्याल्शियम आक्साइडलाई क्विक लाइम पनि भनिन्छ, यसैमा पानी मिसाए स्लेक्ड लाइम बन्छ। यसको मतलब क्विक लाइम सुक्खा चुना हो, जसमा पानी मिलाए लेदो चुना बन्छ र जसलाई नै स्लेक्ड लाइम भनिन्छ। उपरोक्त सबैको स्वाद साबुन जस्तो र तीखो हुन्छ। बान्ता धेरै क्षारीय हुन्छ, जुन यदि धरतीको सम्पर्कमा आयो भने बुलबुला बन्दैन। पहिले बान्ता पहेंलो र पछि रगत मिसिएर बदलिएको रङ्गको हुन्छ। पखाला चल्ने यस विषाक्ततामा अवश्य देखिन्छ, जुन एसिडको विषाक्ततामा प्रायः देखिंदैन। पखाला चल्ने बेलामा बेस्सरी दुखाइ हुन्छ र बल पनि गर्नुपर्छ। पखालामा रगतमासी पनि देखिन्छ। ध्यान दिनुपर्ने कुरा यहाँ यो हो कि जब अमोनियाको बलियो घोल भित्र जान्छ, तब घाँटी र आमाशयको दुखाइ अत्यन्त अधिक हुन्छ, जबकि कास्टिक सोडा वा कास्टिक पोटासमा त्यसभन्दा कम हुन्छ। पछि कलेजोको विनाश हुन पुग्छ। अमोनियाको वाष्पले झन् बढी खतरा हुन्छ, जसले रेसपिरेटी अङ्गलाई बढी नोक्सान गर्छ। यसको अतिरिक्त आँखा रातो हुने, आँसु आउने, नाक बग्ने, र्याल आउने, हाछ्यूँ आउने र दम फुल्नुका साथै घाँटीमा अधिक ताप वा तातो भएको महसूस हुन्छ। भेगल नर्भको रोकावट र ग्लोटिस वा फोक्सोको सुजनले तुरुन्त मृत्यु हुन सक्छ। तत्काल मृत्यु नभएपनि पछि निमोनिया वा परफोरेसनले हुन्छ। स्लेक्ड वा ननस्लेक्ड दुवैमा घाँटी र आमाशयमा जलनसहित दुखाइ, वाकवाकी, बान्ता, प्यास, चीसो छाला, तेज र मधूरो नाडी, कोलेप्स र २४ घण्टाभित्र मृत्यु हुन्छ। यसको उपचार उपरोक्त वर्णन अनुसार नै हुन्छ तर आँखाको विशेष ध्यान जरुरी हुन्छ किनभने यसले कोर्नियालाई अत्यधिक नोक्सान गरेर मानिसलाई अन्धो बनाउन सक्छ। अतः आँखालाई आधा घण्टासम्म पानीले राम्ररी धोइन्छ। त्यसपछि कोकेन आई ड्रप्स हालिन्छ, जसले इक्फेक्सनलाई रोक्छ। कोर्नियाबाट लाइम हटाउनको लागि ताजा बनेको अमोनिया टार्ट्रेटको ड्रप उपयोगी हुन्छ। यसरी सफा गरेपछि होमोट्रोपिन ड्रप लगाइन्छ। त्यसको केही मिनेटपछि ग्लिसरिन ड्रप आँखामा हाल्नुपर्छ।

लाइमको प्रयोग हत्या वा आत्महत्याको लागि गरिंदैन तर यसको धूलोमा काम गर्ने मजदूरका आँखामा अक्सर पर्न जान्छ। जसको उपचार पनि उपरोक्त तरीकाले नै गरिन्छ। यदि सासबाट भित्र प्रवेश गर्‍यो भने रेसपिरेटरी ट्रैक्ट डेमेज गर्छ र त्यसको पनि उपचार उपरोक्त विधिले नै गरिन्छ। अल्कलीको विषाक्तता यदि हलुका किसिमको छ भने गेस्ट्रिक टचुबको प्रयोग गर्न सकिन्छ वा गरिंदैन पनि। तर त्यसभन्दा पहिले एसिड दिएर अल्कलीलाई बेअसर पारिन्छ। यसको लागि भिनेगर जसमा एसिटिक एसिड हुन्छ वा कागती अथवा सुन्तलाको जुस अधिक पानीमा मिलाएर खुवाइन्छ। त्यसपछि जलन कम गर्न अन्डाको सेतो भाग, दूध वा बटर दिइन्छ। बर्फको टुक्रा मुखमा राखिन्छ, प्यास कम गर्नको लागि। दुखाइ कम गर्नको लागि छालामुनि मर्फिनको सुई दिनुपर्छ। सक, डिहाइड्रेशन र एन्युरियाको र अरूअरू सबै लक्षणको उपचारमा जेजे गरिन्छ, ती सबै गर्नुपर्छ। ग्रासनलीको स्ट्रिक्चरको लागि अम्लको विषाक्तता जस्तै बुगी पसाइन्छ र केही समयको लागि त्यसैमा छोडिन्छ। आवश्यक परे कहिलेकाहीं ओसोफैगोटोमी र गैस्टुरोटोमी पनि गर्नुपर्छ। स्ट्रिक्चर रोक्न शुरूमा नै कार्टिसोन उपयोगी हुन्छ। अमोनिया ग्याँसको विषाक्ततामा अक्सिजन अनिवार्य चाहिन्छ। दुखाइ कम गर्न एनोडाइन, सङ्क्रमणको लागि एन्टिबायोटिक जरुरी हुन्छ। धूलोमा काम गर्ने मजदूरले रोकथामको लागि विशेष चश्मा र ग्याँस मास्क आवश्यक हुन्छ।

मृत्युकारक औसत डोज अमोनिया र लिकर अमोनियाको ५० एमएल र कास्टिक पोटास र कास्टिक सोडाको पाँच ग्राम हो। त्यस्तै, सोडियम कार्बोनेटको १५ ग्राम र पोटाशियम कार्बोनेटको ३० ग्राम हो। मृत्युको समय अक्सर २४ घण्टाभित्र औसत हो। अमोनिया वाष्पबाट मृत्यु चार मिनटमा पनि देखिएको छ। तर मृत्यु हुनेमा सप्ताह, महीना र यहाँसम्म कि दुईदेखि तीन वर्ष पनि हुन सक्छ। तब मृत्यु ग्रासनलीको स्ट्रिक्चरले पोषण नपाएकोले हुन्छ। अस्तु।

## कठै मेरो देश !

- राजेन्द्रप्रसाद कोइराला

अनुपम, असाधारण र अद्वितीय छ मेरो देश
जहाँ हिमाल हिउँ ओढेर बस्छ,
चट्टानको भार काँधमा उठाउँछ,
पानीको धार अँठ्याएर राख्छ।

मेरो देश
जहाँ वनस्पति आफैं उम्रन्छन्,
फलहरू आफैं सुवास दिन्छन्,
यो मेरो देश,
जहाँ रूख, लता, लतिका र लहरा वनमा आफैं उम्रन्छन्,
यो देश जसले ज्ञानको प्रादुर्भाव गर्‍यो,
चेतनाको बिगुल ऋषिमुनिले फुकेर चिनाए

आज यो देशलाई दिनदिन चिथोरिंदै छ,
नालायकहरूले देशको अस्मितालाई नै
रसातलमा पुऱ्याइसके
अझै यिनीहरू डिङ हाँक्छन्
गणतन्त्र खतरामा छ अरे !

कठै मेरो देश,
के थियो, के बनाए !

# पुनः प्रदर्शनको तयारीमा 'बुलाकी'

काठमाडौं, ४ साउन/रासस

विसं २०८० वैशाख १ मा प्रदर्शन भएको चलचित्र 'बुलाकी' यही साउन ३२ गतेदेखि पुनः प्रदर्शन हुने भएको छ। तत्कालीन समयमा चलचित्र भवनले शो बाँडफाँडमा विभेद गरेको भन्दै निर्माता विराज विष्टले चलचित्रको प्रदर्शन रोकेका थिए।

नेपाली चलचित्रको निर्माणमा डिजिटल युगको सुरुआत भएसँगै प्रदर्शनमा सहजता भएको छ। चलचित्र प्रदर्शनका लागि प्रिन्ट बोकेर चलचित्र भवन पुग्नुपर्ने युगको अन्त्य भएसँगै नेपाल मात्र नभई विश्वभर प्रदर्शनका लागि सहजता भएको छ। सोही कारण पनि पछिल्लो समय पुनः प्रदर्शन हुने





चलचित्रको सङ्ख्या बढ्दो देखिन्छ।

यसै वर्ष गत असार ७ गते 'आचार्य' पुनः प्रदर्शन गरियो। स्वर्गीय गायक भजन शिरोमणि भक्तराज आचार्यको जीवनमा आधारित चलचित्र व्यावसायिकरूपमा सफल हुन नसके पनि पुनः प्रदर्शनका लागि परीक्षण गर्न निर्माता

(बाँकी पाँचौं पातामा)

बाल्यकाल ...

पसेर ताल ठोक्न थालेपछि तिनलाई गाली गर्ने पनि निस्किए। होहल्ला भएपछि खेल रोकियो र त्यस दिन अखडाको सबै गतिविधि रोकिने भयो। मैत्रीपूर्ण खेलको नियम नतोडी र कुश्तीको नियम पनि पालन गर्नेगरी भोलिपल्ट माइधियाको करबोलमा नै कुश्ती हुने पक्का गरियो। यस अघि करबोलमा यस्तो कहिल्यै भएको थिएन। अलिकति होहल्लाले मानिसको भागाभाग भइहाल्यो। आइमाई केटाकेटी भागे। म पनि घरतिर दौडेर ज्यान जोगाएँ।

भोलिपल्ट कुश्ती प्रतियोगिता हेर्न कमिलाझैं मानिसहरू ओइरिए निर्धारित समयमा। हिजोको जस्तो आइमाई र केटाकेटीहरू थिएनन् तर हिजोको भन्दा कैयौं गुना बढी मानिस आएका थिए। त्यहाँ न दाहा थियो, न कुनै बाजा नै। कुनै तमाशा पनि थिएन। केवल कुश्तीको लागि त्यसरी मानिसहरू आएका थिए। कैयौं प्रहरी पनि थिए। दङ्गल शुरू भयो। धेरै मज्जाको कुश्ती भयो। अपत्यारिलो कुश्ती भयो। हिजो जो पहलवान कुश्ती खेल्न अखडामा ओर्लिएका थिए, आज खेलको मध्यमा उनी फेरि ओर्लिए। बाँकी सारा पहलवान साइड लागे। उनी पराजित भए। सानो होहल्ला भयो, खेल सकियो।

## अन्तर्राष्ट्रिय समाचार

# बङ्गलादेशका सरकारी भवनमा आगजनी –प्रहरी



आरक्षणविरोधी आन्दोलनमा प्रदर्शनकारीहरू सरकारी भवन र प्रहरी लक्षित ढुङ्गामुढा र आगजनी गर्दै। तस्वीरः रायटर्स

ढाका (बङ्गलादेश), ४ साउन/एएफपी

बङ्गलादेशमा जारी आरक्षणविरोधी आन्दोलनका क्रममा प्रदर्शनकारीले एकै दिन धेरै सरकारी भवनमा आगो लगाइदिएका छन्।

बङ्गलादेश प्रहरीले जारी गरेको विज्ञप्तिमा सरकारी प्रसारण संस्था बिटिभी, राष्ट्रिय विपद् व्यवस्थापन एजेन्सी, प्रहरी संरचना र अन्य सरकारी भवनहरूमा प्रदर्शनकारीहरूले आगजनी, तोडफोडलगायत विनाशकारी गतिविधि गरेको उल्लेख छ।

बङ्गलादेश सरकारले बाहिरी विश्वसँगको सम्पर्क सञ्जाल अवरुद्ध गर्न चालेको कदमपछि आन्दोलनकारीहरूले यस्ता गतिविधि गरेको बिहिवार जारी विज्ञप्तिमा जनाइएको छ।

प्रहरीले हालसम्म अधिकतम धैर्यता कायम गरेको उल्लेख गर्दै विनाशकारी गतिविधि जारी रहे कानूनको अधिकतम प्रयोग गर्न बाध्य हुनेसमेत जनाएको छ।

निजामती सेवामा आरक्षणलगायत भर्नासम्बन्धी नियमहरूमाथि विद्यार्थीले विरोध जनाउँदै शुरु भएको प्रदर्शन तथा झडपमा यस हप्तामा ३९ जनाको मृत्यु भएको छ भने बिहिवार एकै दिनमा सबैभन्दा धेरै ३२ जनाको मृत्यु भएको प्रहरीले जनाएको छ।

बिहीवारको झडपमा १०४ जना प्रहरी अधिकारी, ३० जना पत्रकारसहित जम्मा ७०२ जना घाइते भएका निजी प्रसारण संस्था इन्डिपेन्डेन्ट टेलिभिजन नेटवर्कले जनाएको छ।

बङ्गलादेशका ६४ वटा जिल्लामध्ये कम्तीमा २६ जिल्लामा बिहीवार झडप भएको नेटवर्कले जनाएको छ। रासस

# 'माइक्रोसफ्ट एज्योर'मा समस्या आउँदा उडानमा विश्वव्यापी समस्या

पेरिस, ४ साउन/एएफपी

शुक्रवार विश्वव्यापी कम्प्युटर प्रणालीमा ठूलो अवरोध उत्पन्न हुँदा संयुक्त राज्य अमेरिकामा उडानहरू अवरुद्ध भएका थिए भने बेलायतमा टेलिभिजन प्रसारणहरू अवरुद्ध भएका थिए र अस्ट्रेलियामा दूरसञ्चार सेवा नै प्रभावित भए।

'माइक्रोसफ्ट एज्योरमा देखिएको प्राविधिक समस्या'का कारण विश्वव्यापीरूपमा उडानमा ढिलाइ वा अवरोधहरू भएको हुन सक्ने फ्रान्स, बेलायत, संयुक्त राज्य अमेरिका, भारतलगायतका प्रसिद्ध विमान कम्पनीहरूले शुक्रवार जानकारी गराएका छन्।

माइक्रोसफ्ट एज्योर वा जस्ट एज्योर, माइक्रोसफ्टद्वारा विकसित क्लाउड कम्प्युटिङ प्लेटफर्म हो र यसले व्यक्ति, कम्पनी र सरकारलाई अनुप्रयोग र सेवाहरूको व्यवस्थापन, पहुँच र विकास प्रदान गर्छ।

अमेरिकी सङ्घीय उड्डयन प्रशासनका अनुसार डेल्टा, युनाइटेड र अमेरिकन एयरलाइन्सलगायत प्रमुख अमेरिकी वायुसेवाप्रदायक कम्पनीहरूले सञ्चारको समस्याका कारण शुक्रवार सबै उडान ग्राउन्डेड गरेका थिए।

जर्मनीको बर्लिन ब्रान्डेनबर्ग विमानस्थलमा 'प्राविधिक समस्या'का कारण उडान स्थगन गरिएको एक प्रवक्ताले एएफपीलाई बताए। "चेक–इन गर्न ढिलाइ भएको छ, र उडानहरू स्थानीय समय अनुसार बिहान ८ बजेसम्म रद्द गर्नुपरेको छ," उनले बताए।

स्पेनका सबै विमानस्थलमा 'आइटी आउटेज'का कारण 'व्यवधान' उत्पन्न भएको र यसले शुक्रवार विश्वभरका कैयौं कम्पनीहरूलाई प्रभावित पारेको विमानस्थल सञ्चालक आइनाले बताएको छ।

हङकङको विमानस्थलले पनि केही एयरलाइन्स प्रभावित भएको बताएको छ र अवरोधलाई माइक्रोसफ्ट आउटेजसँग जोडेको छ।

बेलायतको सबैभन्दा ठूलो रेल अपरेटरले आइटी समस्याहरूका कारण सम्भावित रेलसेवा रद्द हुने चेतावनी दिएको छ। अनलाइन पोस्ट गरिएका तस्वीरहरूमा अस्ट्रेलियाको सिड्नी विमानस्थलमा ठूलो लाइन लागेको देखाइएको छ।

सिड्नी विमानस्थलका प्रवक्ताले भने, "अहिले उडानहरू आइरहेका छन् र प्रस्थान गरिरहेका छन्, तर साँझसम्म केही ढिलाइ हुन सक्छ।"

"हामीले हाम्रा एयरलाइन साझेदारहरूसँग हाम्रो आकस्मिक योजनाहरू सक्रिय गरेका छौं र यात्रीहरूलाई सहयोग गर्न हाम्रो टर्मिनलमा थप कर्मचारीहरू तैनाथ गरेका छौं।"

अस्ट्रेलियाको राष्ट्रिय साइबर सुरक्षा संयोजकले 'थर्ड पार्टी सफ्टवेयर प्लेटफर्म'को समस्याका कारण ठूलो परिमाणमा प्राविधिक अवरोध भएको र ह्याकरको संलग्नताबारे अहिलेसम्म कुनै जानकारी नआएको बताए।

बेलायतको स्काई न्यूजले यस गडबडीका कारण बिहानको समाचार प्रसारण बन्द भएको जनाएको छ भने अस्ट्रेलियाली प्रसिद्ध टेलिभिजन (एबिसी) ले पनि ठूलो 'आउटेज' भएको जनाएको छ।

अस्ट्रेलियाको सबैभन्दा ठूलो सुपरमार्केट चेनमध्ये एकमा केही सेल्फ चेकआउट टर्मिनलमा अवरोध आएको थियो।

न्युजिल्यान्डका सञ्चारमाध्यमका अनुसार देशको संसद्भित्र रहेका बैंक तथा कम्प्युटर प्रणालीमा समस्या आएको बताएका छन्।

अस्ट्रेलियाली दूरसञ्चार कम्पनी टेल्स्ट्राले माइक्रोसफ्ट र साइबर सुरक्षा कम्पनी क्राउडस्ट्राइकले उपलब्ध गराएको 'विश्वव्यापी समस्या'का कारण विद्युत् आपूर्ति बन्द भएको जनाएको छ।

माइक्रोसफ्टले विभिन्न माइक्रोसफ्ट ३६५ एप्स र सेवाहरूमा पहुँच गर्ने प्रयोगकर्ताहरूको क्षमतामा असर पार्ने समस्याको अनुसन्धान गरिरहेको बताएको छ। माइक्रोसफ्टले आफ्नो पछिल्लो अपडेटमा भनेको छ, "हामी समस्यालाई कम गर्न प्रभावित ट्राफिकलाई वैकल्पिक प्रणालीमा पुनः पठाउन काम गर्दैछौं।"

माइक्रोसफ्टले आफ्नो पछिल्लो अपडेटमा भनेको छ, "हाम्रा सेवाहरूमा अझै पनि निरन्तर सुधार भइरहेको छ। हामी न्यूनीकरण कार्य जारी राख्छौं।

**भारतीय विमान कम्पनीद्वारा पनि धैर्य रहन आग्रह**

यसैबीच, भारतीय समाचार संस्था एएनआईले भारतको राजधानी नयाँ दिल्लीबाट सम्प्रेषित समाचारमा भारतका एयरलाइन्सले नेटवर्कमा रहेको आफ्नो प्रणाली प्रभावित भएको शुक्रवार जानकारी दिएका छन्। उडानका बारेमा जानकारीका लागि यात्रीले आआफ्नो एयरलाइन्सका सम्पर्क गर्न आग्रह गरिएको छ।

"नेटवर्कमा हाम्रा प्रणालीहरू माइक्रोसफ्ट एज्योरको साथ चलिरहेको समस्याबाट प्रभावित छन्, जसको परिणामस्वरूप हाम्रा सम्पर्क केन्द्रहरू र विमानस्थलहरूमा प्रतीक्षा समय बढेको छ। तपाईंले ढिलो चेक–इन र लामो लाइनको अनुभव गर्न सक्नुहुनेछ," भारतीय विमान कम्पनी इन्डिगोले सेवाग्राहीका लागि जारी सूचनामा भनेको छ।

"हामी सबै डेकमा छौं र स्थिरता र सामान्य स्थिति बहाल गर्न अथकरूपमा काम गरिरहेका छौं। हाम्रो डिजिटल समूहले माइक्रोसफ्ट एज्योरसँग पनि नजिकबाट समन्वय गरिरहेको छ ताकि यी समस्याहरू छिटो समाधान गर्न सकियोस्। हामी यस समयमा तपाईंको धैर्य र समझदारीको सराहना गर्छौं," इन्डिगोद्वारा जारी सूचनामा भनिएको छ।

भारतको अर्को विमान कम्पनी अकासा एयरले पनि यस्तै अवरोध भएको जनाएको छ। अकासा एयरले भनेको छ, "सेवाप्रदायकसँग पूर्वाधारको समस्याका कारण, 'बुकिङ, चेक–इन र व्यवस्थापनसम्बन्धी सेवासहित हाम्रा केही अनलाइन सेवाहरू अस्थायीरूपमा अवरोध हुने देखिएको छ।"

"तपाईंको धैर्यता र सहयोगका लागि धन्यवाद," स्पाइसजेटले सामाजिक सञ्जाल एक्समा जारी एक संक्षिप्त जानकारीमा उल्लेख गरेको छ।

"सेवाहरूमा व्यवधानका कारण प्रभावित उडानहरू वा यात्रीहरूको सङ्ख्यासहित सटीक विवरणहरू तत्काल उपलब्ध गराउन असमर्थ छौं। रासस



**नारायणी नदीमाथि निर्माण भएको झोलुङ्गे पुलः** पश्चिम नवलपरासीको सुस्ता गाउँपालिका–५ स्थित नारायणी नदीमाथि निर्माण भएको झोलुङ्गे पुल। उक्त पुलको लम्बाइ एक हजार ५७१ मिटर रहेको छ। तस्विरः अनिल यादव/रासस

**क्रिकेटर लामिछाने ...**

क्रममा र अदालतमा गरेको इन्कारी बयान, परिवर्तित नाम गौशाला २६ ले पठाएको म्यासेज, निजको शारीरिक परीक्षण प्रतिवेदन, निजको शारीरिक अवस्था, घटनास्थल मुचुल्का, घटना विवरण कागज गर्ने होटल काठमाडौं इन होटलका सेक्युरिटी गार्ड राजन राणाले गरेको बकपत्रका साथै मिसिल संलग्न परिस्थितिजन्य प्रमाणहरूबाट पुनरावेदक प्रतिवादीले अभियोग मागदाबी बमोजिमको कसूर गरेको पुष्टि हुन आएन।"

फैसलामा पीडितले प्रतिकार गरेको, कराएको, चिच्याएको, तेस्रो व्यक्तिसँग आत्मरक्षाका लागि कुनै सहयोगको याचना गरेको नदेखिएको उल्लेख छ।

त्यस्तै, उमेर पुगेका व्यक्तिहरूबीच जबजरस्ती करणीको १ नं विपरीत नभई सहमतिमा भएको करणीलाई जबरजस्ती करणी नमानिने भनेर सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तलाई प्रस्तुत मुद्दाको उल्लिखित तथ्यहरूले अनुमोदन गरेको इजलासको ठहर छ।

फैसलाको पूर्णपाठमा भनिएको छ, "प्रतिवादीसँग पीडितले आर्थिक संरक्षण मागेको, प्रतिवादीले पछि सकेको सहयोग गर्छु भनेको तर कुनै सहयोग नगरी प्रतिवादी केन्यातर्फ गएको घटनाक्रमले रिसको आवेगमा प्रतिवादी उपर यस्तो जघन्य कसूरमा जाहेरी दिएको होला भनी यो तथ्यलाई ठाडै इन्कार गर्न सकिने अवस्था पनि देखिँदैन।" पीडितले प्रतिवादीले आफूलाई जबरजस्ती करणी भने पनि निज वारदातको समय १८ वर्ष पूरा भएको देखिएको फैसलामा उल्लेख गरिएको छ।

**पुनः प्रदर्शनको ...**

अझै सक्रिय छन्।

"हाम्रो चलचित्रलाई प्रदर्शन सहजतामा कठिनाइ भएको थियो। सोही कारण पुनः प्रदर्शन गर्ने तयारीमा थियौं। वितरक र प्रदर्शकसँग सल्लाह गरेर यो समय उचित लागेपछि पुनः प्रदर्शनका लागि तयारी थालेका छौं," निर्माता विष्टले भने। उनले चलचित्र पुनः सम्पादन गरी प्रदर्शन गरिने जानकारी दिए।

निर्माता विष्टले यसलाई नयाँ चलचित्रझैं दर्शकसम्म पुऱ्याउने तयारी गरिएको बताए। चलचित्रमा सुरक्षा पन्त, नरेन खड्का, विराज विष्ट, सरस्वती खत्री, लक्ष्मी गिरी, सुशील पोखरेल, रमेश बुढाथोकी, कुलदीप अधिकारी, झलनाथ खत्री, उपासना नेम्वाङ, लक्ष्मण देवकोटा, विनयराज पौडेल, सोनु सेढाईंलगायत कलाकारले अभिनय गरेका छन्।

प्रदर्शनका लागि चलचित्र वितरण गर्ने वितरक करण श्रेष्ठले नयाँ वा पुरानो जुनै चलचित्रले पनि आफ्नो जानकारी दर्शकसम्म पुऱ्याउनुपर्ने बताए। "दर्शकलाई आकर्षित गर्न निर्माण पक्षले मेहनत गर्नुपर्छ। प्रचारप्रसारसँगै नयाँ विधि अपनाएर चलचित्रको बारेमा जानकारी दिनु आवश्यक छ। अहिले चलचित्र हेर्ने ओटिटीजस्ता अन्य माध्यमको पनि विकास भइरहेको छ," उनले भने।

कोरोना महामारीका कारण भएको बान्दाबन्दीपश्चात् 'कठपुतली', 'चपली हाइट–३', 'बिहे पास'लगायत चलचित्र पुनः प्रदर्शन भइसकेका छन्।

**उपल्लो ...**

हाम्रो यात्रा निरन्तर आशिष भण्डारीले त्यहाँको वस्तुस्थितिबारे जानकारी गराउँदै गर्दा यात्रा रमाइलो बन्दै गयो। बेलाबेला साथीहरूको हँसीठट्टा देशको राजनीतिक, आर्थिक र सामाजिक कुराहरूले थप रोमाञ्चित बन्दै गयो।

त्यहाँबाट कोरला नाका (नेपाल–चीन सीमा) तर्फ बिहान करीब ८ बजे प्रस्थान गऱ्यौं। लोमानथाङबाट देब्रे र दाहिने गरी दुईवटा बाटा रहेछन्। देब्रेतिरको बाटो अलि सहज र छोटो भएकोले हरि दाइले हामीलाई त्यहीँको बाटोबाट यात्रा शुरू गराए। पहाड तथा डाँडाहरू खरिखुण्ड नाङ्गो र कताकति काँडेदार बिरुवाका बुक्काबुक्कीले ढाकिएको थियो। मानव बस्ती वरिपरि भोटेपिपलकै बाहुल्य थियो। मानव बस्ती पातलो थियो। अग्ला र नाङ्गा डाँडाहरूको कच्ची बाटोमा कहिले उकालो त कहिले ओरालो, कहिले तेर्सो त कहिले नागबेली घुम्तिमा धूलो उडाउँदै अगाडि बढ्दै गयौं। नेचुङ्ग पुग्यौं जहाँ नेपालको भन्सार, क्वारेन्टिन, सशस्त्र प्रहरी बल, नेपाल बी.ओ.पी.को कार्यालय स्थापना भएको रहेछ। त्यहाँबाट नाका पुग्न १४ किलोमिटर रहेछ। त्यति टाढा किन भन्सार कार्यालय राखेको होला भनेर मनमा जिज्ञासा आयो।

केही छिनमा उकालो लाग्दै जाँदा च्याङ्ग्राका ठूलो हुल जमीनमा थुतुनो जोत्दै जिउने सङ्घर्षमा चरिरहेको देख्यौं। निरन्तरको यात्रापछि ४,६१० मिटरको उचाइमा अवस्थित नेपाल–चीन सीमा पुग्यौं। यो क्षेत्र निकै फराकिलो, समथर, सुन्दर र रमणीय थियो। हावाको बहाव निकै तेज थियो। केही युवा युगलहरू सारा पीडा भुलेर टिकटक, अङ्माल र भिडियो बनाउन व्यस्त थिए भने कोही नेपाली झन्डा बोकेर फोटो खिच्न व्यस्त थिए।

नेपालतर्फ झरी तथा हिउँ परेमा ओत लाग्ने न कुनै कटेरो छ, न स्वास्थ्य, सुरक्षा तथा भोकप्यास मेटाउने कुनै ठाउँको व्यवस्था छ। चीनले एक दिनमा एकजना मात्र जान पाउने र गाडी लैजान नदिने नियम बनाएको छ। झोला र बोरामा अटाउने सामान ल्याउन सकिने रहेछ। कोरला घुम्न आउने पर्यटक र व्यापारीका लागि छोसेरका व्यवसायीले त्रिपालको अस्थायी टहरा बनाएर चिया चिनियाँ बजारबाट स्थानीयवासीले दैनिक उपभोग्य सामग्री, मदिरा, फर्निचर र कपडाजन्य सामान किनेर ल्याउने गरेका छन्। हाल चीनबाट आयात मात्र भएको छ। नेपाली सामान निर्यात हुन सकेको छैन। चीनतर्फ निर्मित भवनभित्र पसलहरू छन्।

हाम्रो टोलीले फोटो खिच्यो, भिडियो बनायो। नाङ्लो पसलेसँग कुराकानी गऱ्यौं र चिनियाँ केही चकलेट किनेर रमाइलो अनुभव सँगाल्दै फर्कियौं। फर्कने क्रममा हामी छोसर गुफा हेर्नको लागि नेचुङ्ग कटेपछि देब्रेतिरको अर्कै बाटो लाग्यौं र केही समयमै छोसर गुफामा पुग्यौं। गुफा त नितान्त फरक कलात्मक प्रकृतिको। गुफा पहाडभित्र खोपेर बनाइएको पाँच तलाको मजबुत, अलौलिक, अद्भुत र विचित्रको रहेछ। पाँचतलाको गुफामा विशेषता भनेको भऱ्याङबाहेक अन्य बनावट पूर्णरूपमा पहाडकै भाग थियो। गेटमा घामको पार ताप्दै लमतन्न परेर सुतेका एक बूढेले निगरानी राख्दा रहेछन् त्यो गुफा। हामी सातजनाको लागि प्रतिव्यक्ति रु. १०० का दरले टिकट लियौं। पाँचै तलाका विभिन्न आकार प्रकारका होचा र ध्वाँसे कोठाहरू निहुरिदै घुम्यौं फोटो खिच्यौं। धेरैजसो कोठाहरू अन्धकार थिए, त्यसैले त्यहाँ हेर्नको लागि बत्ती बाल्न पर्ने। त्यसपछि हामी लोमान्थाङतिर लाग्यौं। कालीगण्डकीले बगरको बिस्कुन सुकाइरहेकी थिइन्। पहाड होचिँदै थिए। आकाश फराकिलो बन्दै थियो। बादलसँगै लाप्पा खेल्दै हाम्रो यात्रा निरन्तर चलिरह्यो। हामीले जोमसोमबाट आएका साथीहरूलाई जोमसोममै छोडेर म्यादीको तातोपानीमा बस्ने तयारीका साथ यात्रालाई निरन्तरता दियौं र साँझ ७ बजे तिर म्यादीको तातोपानी पुग्यौं र नमस्ते गेस्ट हाउसमा बस्यौं र बेलुका तातोपानीमा डुबुल्की माऱ्यौं। यात्राको क्रममा मोटरसाइकलको यात्रा दुई–दुईजना, कतिपय ठाउँमा सिंगल। पृथक र मनमोहक दृश्य, जता फर्केपनि देखिने हिमाल, तालतलैया, हिमाली जीवनशैली, गुफा, गुम्बा मुस्ताङको आकर्षण हो।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | राज्यलाभ | वृष | रोगभय |
| मिथुन | व्यापारवृद्धि | कर्कट | धनलाभ |
| सिंह | भाग्योदय | कन्या | भयचिन्ता |
| तुला | मित्रमिलन | वृश्चिक | अतिथिआगमन |
| धनु | सुयश | मकर | अलमल |
| कुम्भ | धनलाभ | मीन | सफलता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बुक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# पर्साका खुला नाकाबाट तस्करी बढ्यो


तस्वीरः प्रतीक

नितेश कर्ण, वीरगंज, ४ साउन/

वीरगंज भन्सार, इनर्वा, छपकैया, झौवा, अमरपट्टिलगायत नाकाबाट व्यापक तस्करी भइरहेको छ।

पर्साका विभिन्न नाकाहरूबाट दैनिक करोडौं रुपियाँ राजस्व छली छिमेकी मुलुक भारतको रक्सौल, पन्टोका, भेलाहीबजारबाट लत्ताकपडा, हार्डयेवर, रजनीगन्धा, राजनिवास, आँपलगायतका सामानहरूको तस्करी बढेको छ। त्यस्तै, नेपालबाट भारततर्फ कस्तुरी रक्सीको तस्करी भइरहेको छ।

वीरगंज भन्सारबाट अवैध सामान ल्याउँदा भन्सारको मूल गेटमा रहेको सशस्त्र प्रहरी र नेपाल प्रहरीले रकम लिएर छोड्ने गरेको छ।

यसरी तस्करीको सामान वीरगंजका विभिन्न ट्रान्सपोर्ट कम्पनीहरूमा पुऱ्याउने र त्यहाँबाट नेपालका विभिन्न स्थानमा जाने गरेका छन्।

तस्करहरूले भारतको रक्सौलबाट टेम्पोमा कपडा राखेर वीरगंज भन्सारको बाटो भएर छिराउने गरेका छन्। सो कार्यमा जनपद र सशस्त्र प्रहरीले आर्थिक प्रलोभनमा परेर छुट दिने गरेका छन्। सो कपडा महावीरस्थान, माईस्थानलगायतका ठाउँमा पुग्ने गरेको छ। त्यस्तै, नेपालबाट कस्तुरी रक्सी वीरगंज भन्सार मूल बाटोबाट भारतमा पुऱ्याउने गरिएको छ।

त्यस्तै, छपकैया नाकाबाट काजु, खजुरलगायतको तस्करी हुने गरेको छ।

इनर्वा नाकाबाट डेरी मिल्क चकलेट, किराना सामान, बुनियाको दाना, तेल, फलफूल र सजावटमा प्रयोग हुने फूलको तस्करी भइरहेको छ।

# सिमलताल दुर्घटनाः दुईवटा शव भारतको चम्पारणमा फेला

काठमाडौं, ४ साउन/रासस

चितवनको भरतपुर महानगरपालिका–२९ अन्तर्गत नारायणगढ–मुग्लिन सडकखण्डको सिमलतालमा लेदोसहितको पहिरोले बगाइ त्रिशूली नदीमा बेपत्ता भएका दुईवटा बसमा रहेका ६५ यात्रीमध्ये २३ जनाको शव फेला परेको छ।

सशस्त्र प्रहरी बलले उपलब्ध गराएको तथ्याङ्क अनुसार शुक्रवार बिहान १०:५० बजेसम्म मृतकमध्ये १५ जनाको सनाखत भएको छ। आठ पुरुष र एक महिला गरी नौवटा शवको सनाखत हुन सकेको छैन।

भारतको बिहार सीतामणिका २८ वर्षीय ऋषिपल साह र २७ वर्षीय विवेक कुमार, पश्चिम चम्पारण बेतिया थानाका ३० वर्षीय जयप्रकाश ठाकुर र बेतिया मझेलिया थानाका ३० वर्षीय सजाद अन्सारीको शव सनाखत भई आफन्तले बुझेका छन्।

चितवनको माडी नगरपालिका–१ का २२ वर्षीय विकास परियार, सर्लाहीको बरथहवा नगरपालिका–३ का १९ वर्षीय रमितकुशर माझी, भरतपुर महानगरपालिका–२२ पटिहानीका २३ वर्षीय सुदीप विक, बाराको विश्रामपुर गाउँपालिका–६ का ४३ वर्षीय परमानन्द पण्डित र रौतहटको चन्द्रपुर नगरपालिका–१० का बसचालक ४३ वर्षीय किशोरकुमार चौधरीको शव सनाखत भएको छ।

रौटहटको गरुडा नगरपालिका–९ का नौ वर्षीय अशोककुमार यादव, रौतहटको परोहा नगरपालिका–६ का ४० वर्षीय ऋषिकुमार सिंह, सर्लाहीको रामनगर गाउँपालिका–३ का जीतेन्द्रराम महरा, पर्साको सखुवाप्रसौनी गाउँपालिका–२ की २८ वर्षीया चन्द्रप्रभा कुमारी र रौतहटको बौधीमाई नगरपालिका–७ की २९ वर्षीया अमृता कुमारीको शव सनाखत भई आफन्तले बुझेर लगेका सशस्त्र प्रहरी बलका सहप्रवक्ता प्रहरी नायब उपरीक्षक शैलेन्द्र थापाले जानकारी दिए।

थापाका अनुसार शव चितवनको गोलाघाट, सालबास र सिसवार, नवलपुरको गैंडाकोट, भुताहा, त्रिवेणी ब्यारेज क्षेत्रलगायत घटनास्थलबाट तटीय क्षेत्रमा फेला परेका हुन्। गत असार २८ गते बिहान ३ बजे सिमलताल भन्ने स्थानमा वीरगंजबाट काठमाडौं आउँदै गरेको बाग्मती प्रदेश ०३–००६ ख १५१६ नम्बर र काठमाडौंबाट गौरतर्फ जाँदै गरेको बाग्मती प्रदेश ०३–००१ ख २४५९ नम्बरका बस लेदोसहितको पहिरोले बगाइ त्रिशूली नदीमा बेपत्ता भएका थिए।

पछिल्लो तथ्याङ्क अनुसार वीरगंजबाट काठमाडौं आउँदै गरेको बसमा टिकट काटेका २७ र अन्य ११ गरी ३८ तथा काठमाडौंबाट गौरतर्फ जाँदै गरेको बसमा टिकट काटेका २३ र अन्य चार गरी जम्मा २७ जना यात्री सवार रहेका प्रहरीले जनाएको छ। टिकट नकाटी बसमा यात्रा गरेका यात्रीका आफन्तजनले दुर्घटनापछि प्रहरीमा आफन्तको विवरण उपलब्ध गराएका थिए। दुईवटा बसमा ६५ जना यात्री सवार रहेका खुलेको छ।

काठमाडौंबाट गौरतर्फ जाँदै गरेको बसबाट हाम्फालेर बाँचन सफल तीनजनामध्ये रौतहटको गरुडा नगरपालिका–९ का जुगेश्वरराय यादव र सरोजकुमार गुप्ता उपचारपश्चात् घर फर्केका छन् भने रौतहटको देवाहीगोनाही नगरपालिका–१० का नन्दन दासको उपचार भइरहेको छ।

**भारतको चम्पारणमा फेला परे दुई शव**

दुर्घटनामा परी बेपत्ता भएकामध्ये दुईजना यात्रीको शव भारतको चम्पारण नागाहास्थित नारायणी नदीमा फेला परेको छ।

भारतीय सीमा सुरक्षा बल (एसएसबी)को टोलीले बिहीवार फेला पारेका दुईवटा शव सीमा सुरक्षार्थ खटिइएको सशस्त्र प्रहरी बलको 'बोर्डर आउट पोस्ट' (बिओपी) त्रिवेणीको टोली, नेपाल प्रहरी र स्थानीय जनप्रतिनिधिको रोहबरमा नेपाल ल्याइएको सशस्त्र प्रहरीका सहप्रवक्ता थापाले जानकारी दिए।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |






# खेलकूदको संसार

## नेपालले युएईलाई हरायो

काठमाडौं, ४ साउन/रासस

नेपालले एसिसी महिला एशिया कप क्रिकेट २०२४ प्रतियोगिता अन्तर्गत शुक्रवार भएको खेलमा संयुक्त अरब इमिरेट्स (युएई)लाई पराजित गरेको छ।

श्रीलङ्काको दम्बुल्ला अन्तर्राष्ट्रिय रङ्गशालामा सम्पन्न खेलमा नेपालले युएईलाई छ विकेटले पराजित गर्दै प्रतियोगितामा सुखद सुरुआत गरेको हो। जीतका लागि ११६ रनको विजयी लक्ष्य पछ्याएको नेपालले १६ दशमलव एक ओभरमा चार विकेट गुमाउँदै पूरा गऱ्यो।


तस्वीरः सौजन्य

नेपालको लागि सम्झना खड्काले सर्वाधिक ७२ रनको योगदान दिइन्। उनले ४५ बल खेल्ने क्रममा ११ चौका प्रहार गरिन्। त्यस्तै, रूविना क्षेत्रीले १० रन बनाइन् भने सीता रानामगर र पूजा महतोले समान सात/सात रनको योगदान गरे।

बलिङतर्फ युएईकी कभिशा इगोडागेले तीन विकेट लिइन् भने लावन्या केनीले एक विकेट लिइन्।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको युएईले निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै ११५ रनको योगफल बनाएको थियो। युएईका लागि खुशी शर्माले ३९ बल दुई चौका प्रहार गर्दै ३६ रन बनाइन्। त्यस्तै, कविशा इगोडागो २२, समाइरा धरनिधर्कले १३ तथा कप्तान इशा रोहित ओजाले १० रन बनाए। रिथिका राजित छ तथा लावन्या केनी दुई रनमा अविजित रहे।

नेपालको लागि इन्दु बर्माले सर्वाधिक तीन विकेट लिइन्। त्यस्तै, कृतिका मरासिनी, सबनम राई र कविता जोशीले समान एक/एक विकेट लिए। नेपालले अब आफ्नो दोस्रो खेल यही साउन ६ गते पाकिस्तानसँग खेल्नेछ।

## ओलम्पिकमा सहभागी हुन जाने नेपाली टोलीको बिदाइ

काठमाडौं, ४ साउन/रासस

राष्ट्रपति रामचन्द्र पौडेलले ३३औं गृष्मकालीन पेरिस ओलम्पिकमा सहभागी हुन जाने नेपाली खेलाडीलाई सफलताको शुभकामना प्रदान गर्दै बिदाइ गरेका छन्।

राष्ट्रपति भवन शीतल निवासमा शुक्रवार आयोजित कार्यक्रममा राष्ट्रपति पौडेलले खेलाडीलाई शुभकामनासहित बिदाइ गरेका हुन्। सो अवसरमा उनले खेल राष्ट्रलाई अन्तर्राष्ट्रियजगत्मा चिनाउने सबैभन्दा उपयुक्त माध्यम भएको बताउँदै उच्च मनोबलका साथ प्रतिस्पर्धा गर्न आग्रह गरे।


तस्वीरः रासस

राष्ट्रपति पौडेलले गृष्मकालीन पेरिस ओलम्पिकमा सहभागी खेलाडीले देशको प्रतिष्ठा उँचो बनाउने विश्वास व्यक्त गरे। उनले दृढ सङ्कल्प र अठोटका साथ ओलम्पिकमा सहभागी हुन खेलाडीलाई आग्रह गरे।

सोही कार्यक्रममा राष्ट्रपति पौडेलले पेरिस ओलम्पिकको 'सेभ द मिसन' रहेका राष्ट्रिय खेलकूद परिषद्का सदस्यसचिव टङ्कलाल घिसिङलाई नेपालको राष्ट्रिय झन्डा हस्तान्तरण गरेका थिए। युवा तथा खेलकूदमन्त्री तेजुलाल चौधरीले उच्च मनोबलका साथ खेल प्रदर्शन गर्न आग्रह गर्दै सफलताको शुभकामना प्रदान गरे।

## महिला भलिबलमा नेपाल पराजित

काठमाडौं, ४ साउन/रासस

सेन्ट्रल एशियन भलिबल एशोसिएशन (काभा) यू–२० महिला भलिबल च्याम्पियनशिप अन्तर्गत भएको पहिलो खेलमा नेपाल श्रीलङ्कासँग पराजित भएको छ।

माल्दिभ्सको मालेस्थित सोसल सेन्टरमा गएराति सम्पन्न खेलमा नेपाल श्रीलङ्कासँग ३–१ को सेटमा पराजित भएको हो। श्रीलङ्कासँग नेपाल पहिलो सेटमा २५–२० ले पराजित भएको थियो भने खेलको दोस्रो सेट नेपालले २६–२४ ले जितेको थियो।

अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार त्यसपछि खेलको तेस्रो सेटमा २५–११ ले गुमाएको नेपालले चौथो सेट पनि २५–१८ गुमाएसँगै नेपाल पराजित भयो।

## क्रिकेटर लामिछानेको मुद्दाको पूर्णपाठ सार्वजनिकः 'आधार र प्रमाण नपुग्दा सफाइ'

काठमाडौं, ४ साउन/रासस

उच्च अदालत पाटनले क्रिकेटर सन्दीप लामिछानेविरुद्धको बलात्कार मुद्दामा फैसलाको पूर्णपाठ सार्वजनिक गर्दै आधार र प्रमाण नपुग्दा सफाइ हुने ठहर गरेको छ।

न्यायाधीशद्वय सुदर्शनदेव भट्ट र अञ्जु उप्रेती ढकालको संयुक्त इजलासले गत जेठ २ गते गरेको फैसलाको शुक्रवार सार्वजनिक गरेको पूर्णपाठमा आधार र प्रमाण नपुगेका कारण सफाइ दिएको उल्लेख छ।

फैसलाको पूर्णपाठमा भनिएको छ, "आधार र कारणसमेतबाट यसमा प्रतिवादी सन्दीप लामिछानेले अनुसन्धानका

(बाँकी अन्तिम पातामा)

# सृष्टिको पनि कुशको शव बनाएर अन्त्येष्टि


तस्वीरः सौजन्य

प्रस, वीरगंज, ४ साउन/

त्रिशूली नदीमा बेपत्ता भएको एन्जल बसकी यात्री सृष्टि यादवको शव नभेटिएपछि परिवारजनले कुशको शव बनाएर दाहसंस्कार गरेका छन्।

कलैया उपमहानगरपालिका–१४ की सृष्टिका अभिभावकले कुशको शव बनाएर दाहसंस्कार गरेका हुन्।

पर्साको सखुवाप्रसौनी गाउँपालिकामा रेडियोग्राफरको रूपमा कार्यरत रहेकी सृष्टि परीक्षा दिन बाग्मती प्रदेश ०३–००६ख१५१६ नम्बरको एन्जल डिलक्स बसमा चढेर काठमाडौं गइरहेकी थिइन्।

उक्त घटनामा बाराका चारजना यात्री परेका थिए।

सृष्टिसँगै प्रसौनी गाउँपालिकाका–२ का ताराचन्द पटेल, उनकी पत्नी कुसुमीदेवी र बारा विश्रामपुर गापा–३ का परमानन्द पण्डित दुर्घटनामा परेका थिए।


## डेङ्गीबाट कसरी बच्ने ?

लामखुट्टेको टोकाइबाट डेङ्गी लाग्न सक्छ, त्यसैले:

- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं,
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने उपाय अवलम्बन गरौं।
- लामखुट्टेको टोकाइबाट बच्न मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्यालढोकामा जाली लगाऔं।
- सुत्ने बेलामा झुल लगाएर सुतौं।
- कुना–काप्चामा कीटनाशक औषधि छर्कने गरौं।
- एयर कुलर, पानी ट्ङ्की, फूलदानी, गमलामा राखिएका प्लेटहरू समयसमयमा सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड